**सर्वोच्च अदालत, संयुक्त इजलास**
**सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.**
**माननीय न्यायाधीश श्री तेज बहादुर के.सी.**

**फैसला**

**०७२-CR-१९३७**

काठमाडौं जिल्ला, इचङ्गुनारायण गा.वि.स. वडा नं. ६ घर भई हाल कारागार कार्यालय डिल्लीबजार थुनामा रहेका रन्जनप्रसाद कोइराला.........................१ पुनरावेदक प्रतिवादी

विरुद्ध

हरेराम ढकालको जाहेरीले नेपाल सरकार ..............................................१ प्रत्यर्थी वादी

**०७४-CR-१५३९**

हरेराम ढकालको जाहेरीले नेपाल सरकार ............................................१ पुनरावेदक वादी

विरुद्ध

चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ४ घर भई हाल का.जि. इचङ्गुनारायण गा.वि.स. वडा नं. ९ बस्ने तारा रेग्मी .................................१ प्रत्यर्थी प्रतिवादी

मुद्दा : कर्तव्य ज्यान

**सुरु तहमा फैसला गर्नेः माननीय न्यायाधीश श्री महम्मद जुनैद आजाद**
**काठमाडौं जिल्ला अदालत**
**पुनरावेदन तहमा फैसला गर्नेः माननीय मुख्य न्यायाधीश श्री डा.आनन्दमोहन भट्टराई**
**माननीय न्यायाधीश श्री लेखनाथ घिमिरे**
**पुनरावेदन अदालत पाटन**
**फैसला मितिः २०७२।०८।२३**

न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत पाटनको फैसला उपर वादी नेपाल सरकार तथा प्रतिवादीको तर्फ बाट पुनरावेदन पर्न आई पेश भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मेरी छोरी गीता ढकाल (कोइराला) को रन्जनप्रसाद कोइरालासँग विवाह भएपछि रन्जनप्रसाद कोइरालाले छोरीलाई हेला गरी कुटपीट गर्दै आए तापनि छोरीले सहेर बस्दै आएकी थिइन्। छोरीलाई दिएको दाइजो पेवा हत्याउनको लागि निजले काठमाडौं जिल्ला अदालतमा अंश चलन मुद्दासमेत गरी छोरीलाई मार्ने धाकधम्की दिंदै आएकोले जीउज्यानको सुरक्षाको लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा निवेदन दिएको थियो। छोरीलाई बारम्वार शारीरिक तथा मानसिक यातना दिई छोरीसँग सम्वन्ध विच्छेद गर्न दवाव दिंदै आएकोमा मिति २०६८।९।२७ गते विहान १० बजे छोरीको घरमा आई छोरीसंगै बसेको कान्छो छोरा आर्यन कोइरालालाई निजले लिई गएको अवस्थामा आज रन्जनले मलाई घोरिएर हेरी गयो भनी छोरीले भनेकीले माइती घरमा आउन त भनी फोन गर्दा खुट्टा मर्किएकोले आउन सक्दिन भनेकी थिइन् । मिति २०६८।९।२८ गतेका दिनको ३-४ बजेतिर छोरीलाई फोन गर्दा स्वीच अफ थियो। सोही दिन राती ८ बजे फोन गर्दा पनि मोवाइल स्वीचअफ भएकोले भोलीपल्ट विहान ११ बजे छोरीको घरमा जाँदा मुलगेटमा ताल्चा लगाई राखेको, सो दिन राती ८ बजेसम्म पनि फोन गर्दा स्वीच अफ भएको, ऐ.३० गते विहान छोरीको घरमा जाँदा मुलगेटमा ताला लगाएको पाइएकोले नजिकको महानगरीय प्रहरी प्रभाग बुढानिलकण्ठमा समेत जानकारी गराई छोरीको घरमा काम गरी बस्ने गीता कटुवालसँग सोधपुछ गर्दा निजले मिति २०६८।९।२७ गते ३ बजे छोरी गीता ढकाल (कोइराला) को घरमा जाँदा मुलगेट खुल्लै रहेको, छोरी सुत्ने कोठामा जाँदा ढोका बन्द रहेकोले फर्कि आएको र साँझ ७–८ बजे जीपजस्तो गाडी घरको मुलगेट खोली भान्सा कोठाको ढोका छेउमा रोकिएको, केहीछिन डाङडुङ गरेको आवाज आएको सुनेको, त्यसपछि गाडी फर्की एकछिन पछि मुलगेटमा अडिएर गएको, भोलीपल्ट घरमा गएर हेर्दा मुलगेटमा ताल्चा लगाएको देखें भनेको र घटनास्थलको अवस्था हेर्दा छोरी गीता ढकाल (कोइराला) लाई रन्जनप्रसाद कोइरालाले वेहोश बनाई राखेको र छोरीको सम्पत्ति खानको लागि बन्धक बनाई राखेको हुनसक्ने भएकोले निजलाई पक्राउ गरी मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महल अन्तर्गत कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको हरेराम ढकालले मिति २०६८।१०।६ गते दिएको जाहेरी दरखास्त ।

२. का.जि., बिष्णु बुढानिलकण्ठ स्थित गीता ढकाल (कोइराला) को अढाई तले पक्कीघर खानतलासी गर्दा गीता ढकाल (कोइराला) को नामको जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट जारी भएको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान १, दारीपालेको पञ्जावी पुरुष र लेडिज संयुक्त बसी खिचेको फोटो थान १, तीनजना महिलाको संयुक्त

फोटो थान १, महिला पुरुष भएको संयुक्त फोटो थान १, बाथरुममा दुइथान अन्डरवयरसमेत फेला परेको भन्ने व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का ।

३. मेरो छोरी गीता ढकाल (कोइराला) लाई रन्जनप्रसाद कोइरालाले बन्धक बनाई राखेको हुनसक्ने भनी मिति २०६८।१०।६ मा महानगरीय प्रहरी परिसर हनुमानढोकामा जाहेरी दिएकोमा मिति २०६८।१०।८ गते छोरी गीता ढकाल (कोइराला) मृत अवस्थामा शिक्षण अस्पताल महाराजगञ्जमा रहेको खवर प्राप्त भएकोले रन्जनप्रसाद कोइरालाले कर्तव्य गरी लास जलाएकाले निजलाई मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १३(३) नं. बमोजिम कारवाही गरी अन्य को को व्यक्तिहरु भई अपराध गरेका हुन् अनुसन्धान गरिपाउँ भन्ने समेत व्यहोराको हरेराम ढकालको मिति २०६८।१०।८ गतेको जाहेरी दरखास्त ।

४. का.जि., बाडभञ्ज्याङ्ग गा.वि.स. वडा नं. ६ मा पर्ने नागढुंगा सडकमा नौवीसेबाट काठमाडौं तर्फ आउदै गरेको रन्जनप्रसाद कोइरालाले चलाएको बा. ८ च ५४०८ नं. को कार र निजलाई नियन्त्रणमा लिई गाडी खानतलासी गर्दा सलाइको बट्टा, सेतो प्लाष्टिक १२.५ मिटर, कण्डम थान ३ समेत फेला परी बरामद गरिएको भन्ने समेत व्यहोराको मिति २०६८।१०।८ गतेको गाडी खानतलासी एवं बरामदी मुचुल्का ।

५. मिति २०६८।९।२८ गते नौविसे देखि हेटौडासम्म जाने त्रिभुवन राजपथमा पर्ने जिल्ला मकवानपुर टिष्टुङ्ग गा.वि.स वडा नं. ८ मेत्राङ्ग भन्ने स्थानमा शरीरको आधा भन्दा बढी हिस्सा जलेको अवस्थामा लास फेला परेकोले पोष्टमार्टमको लागि जिल्ला अस्पताल मकवानपुरमा पठाएकोमा उक्त अस्पतालले पोष्टमार्टमका लागि त्रि.वि.वि. शिक्षण अस्पताल महाराजगन्जमा पठाएको भन्ने समेत व्यहोराको इलाका प्रहरी कार्यालय पालुङ्गको पत्र ।

६. The remaining parts of body are from human being. They look from single and individual. The sex of the person is female. They are from adult female aged above 22 years and below 40 years (young age to middle age adult female). The stature cannot be ascertained as there is no single intact long bone present and the stature given in previous report from Hetauda Hospital i.e. 96.6cm can not be taken as any approximated stature. All the changes present in recovered body parts are due to burn of a dead body and the cause of death cannot be ascertained. There are no signs ante-mortem burn. 4 cm long two pieces of left femour bone, pieces of uterus and left kidney are collected into two different containers without any preservative for necessary DNA analysis. They must be kept in cool condition in refrigerator. भन्ने व्यहोराको फरेन्सिक मेडिसीन विभाग, महाराजगञ्जको प्रतिवेदन ।

७. मकवानपुर जिल्ला, टिष्टुङ्ग गा.वि.स. वडा नं.८ मेत्राङ्ग भन्ने स्थानमा हड्डीका टुक्राहरु रहेको, एउटा हड्डीको टुक्रामा लेडिज घडी समेत रहेको र आगोले डढेको, सो आगो लगाएको ठाउँ देखि १५ फिट सम्म डिजल बगेको देखिएको, आगो लगाएको ठाउँदेखि

३० फिटको दुरीमा मानिसको शरीरको बीच भागको अस्थिपञ्जर रहेको, सो अस्थिपञ्जर देखि ३ फिट दुरीमा चिरेको काठको बाकल रहेको भन्ने समेत व्यहोराको मिति २०६८।९।२८ को लास जाँच प्रकृति मुचुल्का ।सोही दिन सोही व्यहोराको प्र.ह. कृष्ण ढकालको प्रतिवेदन मिसिल सामेल रहेको देखियो।

८. टिष्टुङ्ग गा.वि.स. को मेत्राङ्ग भन्ने स्थानमा मिति २०६८।९।२७ गते लास जलाएको स्थानमा बा. ८ च ५४०८ नं. को कार रोकी सो कारमा आएका व्यक्ति लास जलेको ठाउँमा गम्भीर भई हेरेको र मासुको टुक्रा फेला परेको झाडीमा गई हेरी केही क्षणपछि उक्त कार लिई अगाडि बढेकोमा केही क्षणमा नै पुनः फर्की आएको हुँदा निज माथि शंका लागी सोधपुछ गर्दा अली आत्तिए जस्तो गरेकोले तपाँइको के काम छ भनी सोध्दा तपाइँहरु किन सोध्नु हुन्छ ? भनेपछि म समेतले गाडीको चावी निकाल्न खोज्दा निजले सशस्त्र प्रहरीको हाकिम हुँ भनी कार्डसमेत देखाई छाडी दिन अनुरोध गरेकोले निजको कार्ड हेरेपछि नाम रन्जनप्रसाद कोइराला भन्ने थाहा पाएँ । निजको गाडीमा ५/६ वटा सलाइको बट्टा, सेतो प्लाष्टिक तथा मिनरल वाटरको बोतलमा पेट्रोल समेत देखेको थिएं भनी स्थानीयबासी सुर्यबहादुर दोङ्ग, किरणमान बल र मंगल तामाङ्गले इलाका प्रहरी कार्यालय, मकवानपुरमा गरेको कागजसहित सक्कल मिसिल कारवाहीको लागि पठाइएको भन्ने समेत व्यहोराको इलाका प्रहरी कार्यालय, पालुङ्गको पत्र ।

९. लास जाँचको क्रममा मानव हड्डीको टुक्रासँगै बरामद भएको घडी मैले सिंगापुरबाट दुई थान घडी खरिद गरी ल्याएकोमा एउटा लेडिज घडी छोरी गीता ढकाल (कोइराला) लाई दिएको थिएँ । हाल देखाएको आगोले जली केही कालो भएको पहेलों रंगको घडी मैले दिएको हो भनी मृतकको आमा हरिप्रिया ढकालले अनुसन्धानको क्रममा गरेको सनाखत कागज ।

१०. मेरो छोरी गीता ढकाल र रन्जनप्रसाद कोइराला बीच मागी विवाह भएको, निजहरुबाट दुई छोराको जन्म भएको, विवाह भएको ८।१० बर्षसम्म राम्रै सम्वन्ध थियो। त्यस्तैमा तारा रेग्मी भन्ने महिलालाई रखेल राखेकोले यसरी केटी राख्नु भएन भनी सम्झाउदा म जे सुकै गरु तलाई के को मतलव भन्ने गरेको भनी छोरी गीताले सुनाउने गर्थिन्। श्रीमान श्रीमती बीच विवाद भएपछि निज छोरी अलग बस्न थालेको र रन्जनप्रसाद कोइरालाले श्रीमती गीता ढकाललाई प्रतिवादी बनाई अंशचलन मुद्दा दायर गरेको र गीता ढकालले रन्जनलाई प्रतिवादी बनाई माना चामल मुद्दा दायर गरेकी थिइन्। अंश चलन मुद्दा विचाराधीन रहेको र यस बीचमा श्रीमान श्रीमती बीच कुटपिट समेत हुने गरेको भनी छोरीले भन्ने गरेकी थिइन्। मिति २०६८।९।२७ गतेका दिन अं. १२ बजे छोरी गीतालाई फोन गरी हालखवर बुझ्दा छोरा आर्यनलाई बावु आएर लिएर गए, म एक्लै छु भनेकीले त्यसो भए यहाँ आउ भनी बोलाउदा खुट्टा मर्केको छ भनिन, आज रन्जनले मलाई निकै घोरिएर हेऱ्यो भनेकी थिइन । त्यसपछि छोरीको

मोवाइलमा फोन सम्पर्क गर्दा फोन स्वीच अफ भएकोले सम्पर्क हुन सकेन। मिति २०६८।९।२९ गतेका दिन छोरीको घरमा काम गर्ने गीता कटुवालसँग फोन गर्दा २७ गते ३:३० बजे तिर सत्यनारायणको प्रसाद लिएर जाँदा छोरीको बेडरुमको ढोका लगाएकोले बोलाउदा नवोलेकोले म आफ्नो घरमा गएँ, मैले दिदीले बोलाउनु हुन्छकी भनी घर तर्फ हेर्दै कौशीमा काम गरी रहे। साँझ अं. ७.३० बजेतीर सेतो रंग भएको भ्यान जस्तो गाडी छोरीको घरमा आई गेट भित्र गएको, सो अवस्थामा अध्यारो भएकोले मानिस चिन्न नसकेको, केही डाङडुङ गरेको आवाज समेत सुनिएको र १०।१५ मिनेट पछि उक्त गाडी गेट बाहिर निस्की गएको भनी निजले बताएकोले थाहा पाएको हो । छोरीलाई रन्जनप्रसाद कोइरालाले कर्तव्य गरी मकवानपुर जिल्लाको टिस्टुङ्ग गा.वि.स. मा लगि जलाई नष्ट गरेका रहेछन् भन्ने समेत व्यहोराको हरिप्रिया ढकालले गरेको कागज ।

११. का.जि., विष्णुबुढानिलकण्ठ गा.वि.स. वडा नं. ५ स्थित गीता ढकाल (कोइराला) को घरको दक्षिण तर्फ प्रवेश गर्ने ढोका तथा भान्सा कोठा, सो कोठाबाट भित्र प्रवेश गरी उत्तर पूर्वबाट माथिल्लो तलामा जाने भऱ्याङ्ग, सो भऱ्याङ्गबाट माथिल्लो तलामा गई दक्षिण तर्फको कोठा खोली हेर्दा दुइवटा बक्स पलङ रहेको, उक्त पलङहरुमा विछ्यौना लगाएको एउटा सिरानीको खोल नभएको, बेडमाथि रहेका सिरक ब्लाङकेट केही छरिएको अवस्थामा रहेको सोही कोठामा गीता ढकाल (कोइराला) लाई कर्तव्य गरेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

१२. मिति २०६८।९।२८ गतेका दिन विहानै सडकमा जलेको मानिसको लास फालेको छ भन्ने सुनी गाउँका मानिसहरुसमेत भई हेर्न जाँदा झाडीमा मानिस जलाई बाँकी रहेको मासुको डल्लो देखिएको, लास जलाएको ठाउमा डिजेल बगेको दाग, म्याटको टुक्रा तथा हड्डीमा लेडिज घडी फेला परेकोले महिलाको लास भएको एकिन भयो । सो लास मिति २०६८।९।२७ गते राती सोही स्थानमा जलाएको हुन सक्ने देखिएकोले हाम्रो गाउँमा कहाँबाट कस्को लास जलाइयो भनी हामी गाउँलेहरुलाई चासो भएकोले मिति २०६८।१०।७ गते साँझ म र मेरो श्रीमान सुर्यबहादुर दोङ्ग झाप्रे स्थित आफ्नो घरतर्फ फर्किरहेको अवस्थामा सो लास जलाएको स्थानमा बा. ८ च. ५४०८ नं. को गाडी रोकेको र एकजना मानिस गाडीबाट ओर्ली लास जलाएको स्थान तथा वरपरको झाडीमा पटक–पटक घुमिफिरी ओहोर दोहोर गरी हेरी रहेको देखि हामीलाई शंका लाग्यो। श्रीमानले छिमेकी मंगल तामाङ्गलाई खबर गर्दा मंगल तामाङ्गको साथमा किरणमान बल समेत सो स्थानमा आए। हामीलाई देखेपछि घटनास्थल निरीक्षण गर्ने मानिस बा. ८ च ५४०८ नं. को गाडीमा गए। केही समयपछि पुनः फर्कि सोही स्थानमा आई शंकास्पद गतिविधि देखाएकोले हामीले बाटो छेकी सोधपुछ गर्दा निजले आफूलाई सशस्त्र प्रहरी बलको हाकिम भने। सो सम्वन्धमा नजिकको प्रहरी

कार्यालयमा जानकारी गरायौं। सो लास सम्वन्धमा निजै व्यक्तिलाई थाहा हुनुपर्छ भन्ने समेत व्यहोराको सुनिता दोङ्गको कागज।

१३. लाशजाँच मुचुल्कामा उल्लेख भए अनुसार मानव शरीरका बाँकी रहेका अवशेषहरु गीता ढकाल (कोइराला) लाई जलाउँदा बाँकी रहेका हुन्। बरामद केही जलेका घडि र रिङ पनि निज गीताको हो भन्ने व्यहोराको प्रतिवादी रन्जनप्रसाद कोइरालाको सनाखत कागज ।

१४. डि.आई.जी. रन्जन कोईराला मिति २०६८ साल भाद्र महिनामा चाइना तालीमको लागि जानु भएको र मिति २०६८।९।२१ गते उहाँ आउदै हुनुहुन्छ, तिमी गाडी लिएर लिन जानु भनी तारा रेग्मीले भनेकोले अफिसको बा. १ झ ६२१३ नं. को गाडीमा बडीगार्ड स.प्र.ह. इन्द्र खत्री लगायत २।३ जना साथीहरु तारा रेग्मी बस्ने गरेको रानीवनमा गई त्यहाँबाट निज समेतलाई लिई विहान ११ बजे एयरपोर्टमा गई साँझ अं.१७.३० बजे रन्जन सर आउनु भएपछि गाडीमा चढाई तारा रेग्मीको कोठामा पुग्दा तिमीहरु अफिस जाउ भनेकोले निजहरुलाई त्यही छोडी हामीहरु अफिस गयौ । ऐ. २२ गते विहान तारा मेमले बोलाएकोले गई बा. ६ च २८१४ नं. को गाडीमा रन्जन सर र तारालाई का.जि. इचङगुको घरमा लगे। मिति २०६८।९।२७ गतेका विहान अं. ७ बजे तिर रन्जन सरको जेठो छोरा आयूषलाई टेनिस बल खेल्नको लागि बा. ६ च २८१४ नं. को कारमा राखी घरबाट सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हल्चोकमा लगि छोडेको थिएं । सोही दिन विहान रन्जनप्रसाद कोइराला सरले तेलको अभाव छ पेट्रोल लिई घरमा राख्नु भन्नु भएकोले अं. ८.२० बजे का.जि. का.म.न.पा. स्वयम्भुस्थित पसलमा गई ३५।३५ लिटरका दुईवटा ग्यालेन खरिद गरी ५० लिटरको ग्यालेन घरमा नै भएकोले उक्त ५० लिटरको ग्यालेन स.प्र.ह. इन्द्रखत्रीले ल्याई तीनवटै ग्यालेनमा १२३ लिटर पेट्रोल अफिसको पेट्रोलपम्पबाट भरी बा. ६ च २८१४ नं. को गाडीमा लोड गरी रन्जन सरको घरमा लगि राखेका थियौ । ३५।३५ लिटरको ग्यालेन र २०।२० लिटरको अरु २ ग्यालेन समेत खरीद गरी ती जर्किनमा ५० लिटरको जर्कीनबाट पेट्रोल भरी बा. १ झ ६२१३ नं. को गाडीमा राख्नु भन्नु भएकोले सो काम गरेको हुँ र अं. ९.३० बजे छोरा आयुषलाई अफिसबाट घरमा ल्याई छोडेको थिए । दिनको १ बजे आमा रमादेवी कोइरालालाई सपीङ्गको लागि बा. १ झ ६२१३ नं. को गाडीमा राखी कालीमाटीमा लगि सपिङ्ग गरी साँझ ४.३० बजे घरमा लगि छोडि दिएको थिए। साझं अं.६.१५ बजेको समयमा रन्जन सरले मलाई फोन गरी अफिसको गाडी लिएर महाराजगञ्ज आइज भन्नु भएकोले गाडी लिई जाँदा सरले चोक देखि केही वर आइज भनी पुनः फोन गर्नु भएकोले जाँदा भेट भएपछि तँ खाना खाएर यहि बस्तै गर भनी मलाई केही पैसा समेत दिनु भई सरले आफै गाडी हाँकी एक्लै महाराजगञ्ज चोक तर्फजानु भयो । म सोही स्थानमै एक डेढ

घण्टा बसी रोटी खादै गरेको अवस्थामा मलाई फोन गरी बसेको स्थानको विपरीत दिशामा गाडी लिई आउनु भई रोक्नु भएको र ड्राइभर सिट छाडि दिनु भई मलाई गाडी चलाउन दिनु भएकोले मैले गाडी चलाई हलचोक पेट्रोलपम्पमा तेल भर्न भनेकोले अं.३०/३५ लिटर डिजेल भरी थानकोटतर्फ हिड भन्नु भएकोले गाडी हाकी जादै गर्दा अं. ९.३० बजे खानीखोला क्रस गरी होटल रहेको स्थानमा गाडी रोक्न लगाई साथीको घरमा सुत्ने ठाउँ छैन तँ यही सुत् भन्नु भएकोले म त्यही ओर्लिएको र सर एक्लै गाडी हाकी लिई जानु भएको हो। म होटेलमा सुतेँ। भोलीपल्ट विहान करिव ३.३० बजे मलाई छोडेकै होटलमा आउनु भई सरले मलाई बोलाउनु भएकोले म होटेलबाट निस्की बाहिर आउँदा गाडी स्टार्टमै थियो। गाडीको सिट छोडी दिनु भयो मैले गाडी हाँकी ल्याई सरकै घरमा छोडी म डेरा कोठामा गएको थिएँ। सर एवं तारा मेमको आदेशबमोजिम काम गरिरहेको र मिति २०६८।१०।७ गते साँझ आफ्नै डेराकोठामा सुतिरहेको अवस्थामा तारा रेग्मीले मलाई फोन गर्नु भई सर कहाँ जानु भएको छ भन्नु भएको र मैले थाहा भएन सरले बा. ८ च ५४०८ नं. को गाडी लिएर जानु भएको छ भनेको थिएं।त्यसपछि सर कहाँ गएको छ खोज्न जानुपर्छ गाडी लिएर आउ म पनि जान्छु भनी आमा रमादेवी कोइरालाले भन्नु भएकोले मैले सरकारी गाडी लिएर जाँदै गर्दा तारा रेग्मीले फोन गरी गाडी लिएर स्वयम्भु चोकमा आउ भन्नु भएकोले स्वयम्भु चोकमा जाँदा तारा रेग्मीलाई भेटी उक्त गाडीमा ऋषि ढुंगेल, यानबहादुर शाही, तारा मेमको आफन्त केटा मानिससमेत बसि तारा रेग्मीले मुग्लीङ्ग तर्फ खोज्न जाउँ भनेकोले जाँदै गर्दा बाटोमा तारा रेग्मीसँग सर कहाँ कता हो भनी फोनमा कुरा भएको सुनेको र सर रामनगरमा भेटिएको भन्ने कुरा सुनेको थिए। मुग्लीङमा पुगेपछि तारा रेग्मीले निजको आफन्त केटा र यानबहादुर शाहीलाई ओर्ली बस्नु भनेकोले दुवै जना ओर्ली होटेलमा बसेको र हामी तीन जना नारायणगढ तर्फ लाग्यौ । नारायणगढ चोक पुग्दा विहानको राती ३.३० बजेको थियो।नारायणढ चोक देखि दक्षिण किनारामा बा. ८ च ५४०८ नं. को गाडी रोकि राखेकोले सोही गाडी नजिक लगि रोकी तारा रेग्मी हाम्रो गाडीबाट ओर्ली तिमीहरु यही बस भनी जानु भएको थियो । ऐ. ८ गते विहान ५ बजे तारा रेग्मीले मलाई फोन गरी तिमीहरु गाडीमा तेल भरेर काठमाडौ तर्फ फर्की जाउ भनेकोले काठमाडौं तर्फ आउदै गर्दा मुग्लीङमा छोडेका दुइजनालाई गाडीमा राखी आउदै थियौ।बैरेनीमा एकजना मानिस छ लिएर जानु भनी रन्जनप्रसाद कोइरालाले यानबहादुर शाहीको मोवाइलमा फोन गर्नु भएकोले बैरेनीमा पुगेपछि बा. ८ च. ५४०८ नं. को गाडी देखि सोही गाडीको पछाडी लगि गाडी रोकी तारा रेग्मी गाडीबाट ओर्ली मैले हाँकेको गाडीमा आई बस्नु भई छिटो जाउँ भन्नु भएकोले गाडी हाँकी काठमाडौं स्थित का.जि. इचङगुनारायणको घरमा लगि छोडेको हो। स.प्र.ह. रामकुमार गुरुङ्गले भोलीपल्ट गाडी सफा गर्दा गाडीको पछाडि पेट्रोल राखीएको ग्यालेनहरु नभएको र

अगाडिको बायाँ तर्फको सिट म्याट समेत नभएको भनी बताएकाले थाहा पाएको हो । चारथान पेट्रोल भरिएको ग्यालेन एवं म्याट समेत गाडीमा नभएको र लास मुचुल्का भएको स्थानबाट जलेको म्याटको केही टुक्रा फेला परी आएकोले सो पेट्रोल तथा म्याट समेत गीता ढकाल (कोइराला)को लास जलाउन प्रयोग गरेकोमा शंका लाग्छ भन्ने समेत व्यहोराको बुझिएका बा. १ झ ६२१३ नं. को गाडीका चालक स.प्र.ज. शंकर पौडेलले मिति २०६८।१०।१० मा गरेको कागज ।

१५. मिति २०६८।९।२७ गते मलाई रन्जन कोइराला सरले बोलाउनु भएको छ भनी यानबहादुर शाहीले फोन गरी तुरुन्त घरमा आउनु भनेकोले १० बजे तिर रन्जन सरको घरमा जाँदा बा. ६ च २८१४ नं. को गाडीमा डि.आई.जी रन्जन सरले तिमी गाडीको पछाडि बस भन्नु भयो। म पछाडि बसें, दुवै छोरा गाडीको अगाडि सिटमा वसे, रन्जन सरले गाडी हाँकि का.जि. विष्णु बुढानिलकण्ठ पासीकोट स्थित गीता ढकाल (कोइराला) को घरमा पुग्यौं। नारायण गोपाल चोक देखि केही पर बसुन्धरा चोकमा गाडी रोक्नु भई ब्राउन कलरको ज्याकेटबाट दुई बिटा रकम निकाली खल्तीमा राखी बावुहरुलाई घरमा लगि जानु भन्नु भयो । मैले छोराहरुलाई घरमा लगि छोडेको हो । मिति २०६८।९।२८ गते विहान ८ः३० बजे सरको घरमा गई बा. १ झ ६२१३ नं. को गाडी कार्यालयको सवारी शाखामा ल्याई सफा गर्दा पेट्रोलको अत्याधिक गन्ध आएको थियो । चालकको बायाँ साइड तर्फको खुट्टा राख्ने रवर म्याट नभएकोले सो कुरा इन्द्र खत्रीलाई भन्दा आफूलाई थाहा नभएको भनी बताएपछि अन्य गाडीको पुरानो सिट राखें। उक्त म्याट डि.आई.जी रन्जनप्रसाद कोइरालाले श्रीमती गीता ढकाल (कोइराला) लाई जलाउन प्रयोग गरेको हुनुपर्छ भन्ने समेत व्यहोराको बुझिएका स.प्र.ह. रामकुमार गुरुङ्गले मिति २०६८।१०।१० मा गरेको कागज ।

१६. मिति २०६८।९।२८ गते मकवानपुर टिस्टुङ्गबाट बरामद भई आएको गाडीको जलेको म्याटको टुक्रा, उक्त म्याटमा भएको लोगो र त्यस्तै प्रकारको नजलेको सग्लो म्याटमा भएको लोगो एउटै हो देखाउदा देखे चिन्ही सनाखत गरैं भनी रामकुमार गुरुङ्गले मिति २०६८।१०।१० मा गरेको सनाखत कागज ।

१७. बा. १ झ ६२१३ नं. को गाडीमा खुट्टा राख्ने अगाडिको बायाँ तर्फको म्याट सिट नभएको र लास जलाएको स्थानबाट बरामद भएको जली केही भाग रहेको म्याटको टुक्रा देखाउदा देखे, सोही गाडीको म्याट हो भन्ने समेत व्यहोराको चालक शंकर पौडेलले मिति २०६८।१०।१० मा गरेको सनाखत कागज।

१८. म ५ बर्ष अगाडि देखि डि.आई.जी. रन्जनप्रसाद कोईरालाको घरमा खाना पकाउने काम गर्दछु । सो घरमा आमा रमादेबी कोईराला, छोरा आयूष र आर्यन कोईराला, तारा रेग्मी नाम गरेकी महीला डि.आई.जी. रन्जनसँग घरमा आउने बस्ने खाने गरी श्रीमान श्रीमती जस्तो ब्यबहार गर्दथे। बिवाह भए नभएको मलाई थाहा भएन । मिति

२०६८।९।२१ गते डि.आई.जी. रन्जनप्रसाद कोईराला चाईनाबाट आई तारा रेग्मीको घरमा बसेको भन्ने थाहा पाएको हो । मिति २०६८।९।२७ गते बिहान आमा गीता ढकाल (कोईराला) सँग बस्दै आएका छोरा आर्यन कोइरालालाई रन्जन सरले घरमा ल्याउनु भएको थियो। मिति २०६८।१०।८ गते रन्जनप्रसाद कोइरालाले श्रीमती गीता ढकाल (कोइराला) लाई कर्तव्य गरी मारेकोले पक्राउ परेको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको स.प्र.प. राजकुमार स्याङ्गतानले मिति २०६८।१०।१० मा गरेको कागज ।

१९. म डि. आई. जी. रन्जनप्रसाद कोइरालाको बडीगार्ड हुँ। मिति २०६८।९।२७ गतेका दिन सरलाई घरमै देखेको थिएं । अफिसमा आई मिति २०६८।१०।१ गतेका दिन साँझ चालक शंकर पौडेलले गाडी हाँकी रन्जन सरको घरमा जान लागेकोले म पनि सोही गाडीमा बसी जाँदा सरले गंगालाल अस्पतालबाट बोलाउनु भएको छ भनेकोले जाँदा सरलाई अस्पतालको इमरजेन्सी वार्डमा देखि भेट भई निजलाई सोही अस्पतालमा भर्ना गरेकोले शंकर र म कुरुवा बस्यौं । भर्ना भएको अवस्थामा मेरो मोवाइलबाट के कहाँ फोन गर्नु भयो थाहा भएन। मिति २०६८।१०।५ गते विहान मलाई फोन गर्नु भई दाजु रमेश कोइरालाको घरमा गई फोटो ल्याई तारा मेमलाई दिनु भन्नु भएकोले गई फोटो ल्याई तारा मेमलाई दिएको हो। उक्त फोटोहरुमा सरदारजी र गीता ढकाल (कोइराला) संगै बसेको र अन्य केटीहरु बसेको २।३ वटा फोटोहरु थियो। सोही दिन मलाई चिट्ठी बुझाएर आउनु भनी दिएको चिट्ठीहरु प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, लैंङ्गिक हिंसा विरुद्धको कार्यालय, महिला आयोग, सशस्त्र प्रहरी प्रधान कार्यालय, प्रहरी प्रधान कार्यालय समेतमा बुझाएको थिए। ऐ. ७ गतेका दिन आफ्नै कोठामा वसीरहेको थिएं, सर हराउनु भयो रे भनी शंकर पौडेलले भनेकोले खोज्न जान भनी चालक शंकर पौडेल, यानबहादुर शाही, तारा रेग्मी र निजको आफन्त केटा समेत भई मुग्लिङ्ग तर्फ खोज्न जाउ भन्नु भयो। गजुरी कटेपछि तारा रेग्मीले फोनमा कुरा गर्दा सर रामनगरमा भेटिनु भयो भन्ने सुनेको हो। नारायणगढ चोक पूर्वतर्फ घरकै नजिक साइडमा बा. ८ च ५४०८ नं. को कार गाडी रोकिराखेको थियो। सोही ठाउमा तारा रेग्मीले गाडी रोक्न लगाई निज गाडीबाट ओर्ली तिमीहरु यही सुत भनी निज तारा बा. ८ च ५४०८ नं. को गाडीमा जानु भएको थियो। हामी त्यही सुत्यौं। भोलीपल्ट विहान ५ बजे शंकर पौडेलको मोवाइलमा फोन आई तिमीहरुले राती मुग्लिङ्गमा छोडेका मानिसलाइ लिई काठमाडौं तर्फ जानु भनेकोले निजहरुलाई समेत गाडीमा राखी काठमाडौं तर्फ आउदै गर्दा बैरेनीमा एकजना मानिसलाई लिएर जानु भनी रन्जन सरले यानबहादुर शाहीको मोवाइलमा फोन गर्नु भई बैरेनी कटेपछि सडकको छेउमा बा. ८ च ५४०८ नं. को गाडी रोकि राखेको थियो। सोही गाडीबाट तारा रेग्मी ओर्लीनु भई बा. १ झ ६२१३ नं. को गाडीमा चढी छिटो जाउँ भन्नु भएकोले

काठमाडौं तर्फ आई नागढुंगा क्रश गर्दा अं. १० बजेको थियो होला। तारा रेग्मी, निजको आफन्त र यानबहादुर शाही स्वयम्भु घरमा गएका थिए। पछि डि.आई.जी. रन्जन श्रीमतीको हत्या अभियोगमा पक्राउ परेको भन्ने सुनेको हो भन्ने समेत व्यहोराको ऋषिराम ढुंगेलले मिति २०६८।१०।१० मा गरेको कागज ।

२०. २०६८ सालदेखि म स.प्र.ना.म.नि. रन्जनप्रसाद कोइरालाको अंगरक्षक बसेको छु। निजको श्रीमती गीता ढकाल (कोइराला) ले आफ्नो कान्छा छोरा आर्यन कोइरालालाई साथमा राखी का.जि. विष्णु बुढानिकण्ठ गा.वि.स. वडा नं. ५ मा बस्ने र डि.आई.जी. रन्जन का.जि. इचङ्गुनारायण गा.वि.स. वडा नं. ६ मा बस्नु हुन्छ। डि.आई.जी. रन्जन कोइराला तारा रेग्मीसँग घुमफिर गरी घरमा ल्याउने र कहिले तारा रेग्मीको का.जि. रानीबनमा रहेको डेरा कोठामा बस्ने गरी आउनु भएको, मिति २०६८।९।२७ गतेका दिन विहान अं. ८ बजे स.प्र.ज. शंकर पौडेलले डि.आई.जी. सरलाई पेट्रोल चाहिएको छ घरमा रहेको ५० लिटरको ग्यालेन लिएर सशस्त्र प्रहरी बल पेट्रोलपम्पमा लिई आउनु भनेकोले ग्यालेन लगि शंकर पौडेललाई दिएको हो। ३५।३५ लिटर र ५० लिटरको ग्यालेन घरमा लगि राखेको र २०।२० लिटरको ग्यालेन खरिद गरी ल्याउन आदेश भएकोले शंकर पौडेलले ग्यालेन खरिद गरी ल्याई ५० लिटरको ग्यालेनबाट २०।२० लिटर भरी बा. १ झ ६२१३ नं. को गाडीमा राख्न आदेश भएको छ भनेका थिए। मिति २०६८।१०।०७ गतेका दिन विहान शंकर पौडेलले बा. १ झ ६२१३ नं. को गाडी लिई महाराजगञ्जमा रमेश कोइरालाको घरमा आई छोराहरु आयुष र आर्यनलाई गाडीमा राखी बवरमहलमा आई अं. १२ बजे रेष्टुरेण्टमा खाजा खायौ । त्यसपछि छोराहरुलाई दाजु रमेश कोइरालाको घरमा पुऱ्याई आउनु भनी शंकर पौडेललाई भनेकोले शंकर पौडेलले छोराहरुलाई पुऱ्याए। त्यसपछि ज्ञानेश्वरमा रहेको रन्जनप्रसाद कोइरालाको माइला दाजुको घरमा गयौं । उक्त घरमा रहेको बा. ८ च. ५४०८ नं. को गाडी निज रन्जनप्रसाद कोइरालाले लिई एक्लै गएका र हामीलाई बा. १ झ ६२१३ नं.को गाडी लिई जानु भने । के कता गए थाहा भएन। ऐ. ८ गते डि.आइ.जी. रन्जनप्रसाद कोइरालाले आफ्नै श्रीमती गीता ढकाल (कोइराला) लाई मारी मकवानपुरको टिष्टुङ्गमा लगि जलाएको भन्ने थाहा पाएँ भन्ने समेत व्यहोराको बुझिएका इन्द्रबहादुर खत्रीले गरेको मिति २०६८।१०।१० गतेको कागज ।

२१. मिति २०६८।९।२१ गतेदेखि २०६८।१०।८ गतेसम्मको ९८१३२५६०००, ९८४१५२३५७४ र ९७४१०४३९९१ नं. को कल विवरण उपलव्ध गराईएको भन्ने समेत व्यहोराको महानगरीय प्रहरी अपराध महाशाखाको पत्र ।

२२. रन्जनप्रसाद कोइरालाले श्रीमती गीता ढकाल (कोइराला) लाई मारी जिल्ला मकवानपुर टिष्टुङ गा.वि.स. वडा नं. ९ मेत्राङ्ग भन्ने स्थानमा पुऱ्याई जलाई नष्ट गरेको भन्ने

अपराधको अनुसन्धानको सिलसिलामा ईलाका प्रहरी कार्यालय टिष्टुङ्ग मकवानपुरबाट उल्लेखित मेत्राङ्ग भन्ने स्थानमा मानव शरीर जलेर बाँकी रहेका अवशेषहरु फेला पारी उक्त अवशेषहरुलाई पोष्टमार्टमको लागि फरेन्सिक मेडिसिन बिभाग महाराजगन्जमा पठाएकोमा उक्त विभागले अवशेषहरु पोष्टमार्टमको क्रममा DNA परीक्षणको लागि निकालीएका नमूना, हरेराम ढकाल र निजकी श्रीमती हरिप्रिया ढकाललाई उपस्थित गराइ DNA परीक्षणको लागि नमूना निकाली राष्ट्रिय विधिविज्ञान प्रयोगशालालाई लेखेको मिति २०६८।१०।१२ को पत्र ।

२३. का.जि. इचङ्गुनारायण गा.वि.स. वडा नं. ६ को घर खानतलासी गर्दा ५० लिटरको केही कालो खैरो रंगको खाली ग्यालेन बरामद गरिएको भन्ने समेत व्यहोराको मिति २०६८।१०।१२ गतेको खानतलासी बरामदी मुचुल्का ।

२४. बा. १ झ ६२१३ नं. को र बा. ८ च ५४०८ नं. को गाडी काठमाडौं बाहिर र भित्र आएको सवारी दर्ता कितावको फोटोकपी पठाइएको भन्ने समेत व्यहोराको महानगरीय प्रहरी प्रभाग थानकोटको मिति २०६८।१०।९ गतेको पत्र ।

२५. मानिस खोजतलास गरी दोषी उपर कारवाही गरीपाउँ भन्ने व्यहोराको महानगरीय प्रहरी परीसर हनुमानढोकालाई सम्वोधन गरेको, मेरो विरुद्धमा गरिएका उजुरीहरुबाट मेरो सामाजिक प्रतिष्ठा, नेपाल राज्य, नेपाल सरकारबाट सुम्पिएको जिम्मेवारी तथा दायित्व निर्वाह गर्ने पद तथा भविष्यका मेरो सम्भावनाहरु सबैलाई क्षति पुराउने, बन्द गराउने तथा मानसिक यातना दिने उद्देश्य निहित भएको देखिन्छ, सत्य तथ्य छानबिन गरी दोषी उपर कारवाही गरी पाउन निवेदन पेश गरेको छु भनी बोधार्थमा प्रधानमन्त्री, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल, महानगरीय प्रहरी आयुक्तको कार्यालय, राष्ट्रिय महिला आयोग र लैंगिक हिंसा सम्वन्धी उजुरी गर्ने इकाई समेतमा मिति २०६८।१०।५ गते रन्जनप्रसाद कोइरालाले दिएको निवेदन ।

२६. मिति २०६८।९।२७ गते विहान मेरो पसलबाट ३५।३५ लिटरको दुई थान ग्यालेन खरिद गर्ने मानिस यिनै हुन् भन्ने समेत व्यहोराको का.जि. का.म.पा.वडा नं. १५ स्वयम्भुमा पसल गरी बस्ने देवेन्द्र पोखरेलले प्रतिवादी रन्जन कोईरालाका चालक शंकर पौडेललाई चिन्हि गरिदिएको मिति २०६८।१०।१४ गतेको सनाखत कागज।

२७. मिति २०६८।९।२७ गते मेरो पसलबाट २०।२० लिटरको दुईथान सेतो ग्यालेन खरिद गर्ने व्यक्ति यिनै हुन् भनी का.जि. का.म.पा. वडा नं. १३ टंकेश्वरीमा पसल गरी बस्ने प्रदिप अधिकारीले प्रतिवादी रन्जनप्रसाद कोईरालाका चालक शंकर पौडेललाई चिन्हि गरिदिएको मिति २०६८।१०।१४ गतेको सनाखत कागज ।

२८. मिति २०६८।९।२७ गतेका दिन साँझ ८।९ बजेको समयमा निलो रंगको उच्च सरकारी अधिकृतले प्रयोग गर्ने जस्तो देखिने गाडीमा रातो बत्ती बाल्दै मेरो गेष्टहाउसमा आएर दुईकप चिया मागेकोले चिया दिएपछि एक कप चिया चालकले नै गाडीमा लगि

दिएको र चालक फर्की आई होटलमा बसी चिया पिएको, तँ यही होटलमा बस्नु म भोली विहान आउछु भनी गाडी आफैले हाँकी लिई गए । चालक होटलको भुइतलामा रहेको कोठामा सुते, भोलीपल्ट विहान कोही कसैलाई कुनै जानकारी नदिई निस्की गएका रहेछन् । हाल प्रहरी साथ आएका व्यक्ति नै मेरो गेस्ट हाउसमा बसेका हुन् रुमको भाडा र चियाको रकम भुक्तानी गरेका थिएनन् । निजको नाम शंकर पौडेल रहेछ देखि चिन्हें भनी नवराज भोजनालय एण्ड गेष्टहाउसका संचालिका निर्मला उप्रेतीले गरेको मिति २०६८।१०।१४ गतेको सनाखत कागज ।

२९. मिति २०६८।०९।२८ गते लास जलाइएको स्थानमा मिति २०६८।१०।७ गतेका दिन साँझ बा. ८ च ५४०८ नं. को गाडी रोकी यताउता हेरी रहेको अवस्थामा फेला परेका मानिसलाई सोधपुछ गर्न लाग्दा जवरजस्ती जान लागेकोले हामीले गाडीको चावी निकाले पछि आत्तिएर आफू डि.आई.जी. हुँ भनी रन्जनप्रसाद कोइराला लेखेको परिचयपत्र समेत देखाएका थिए। रातो गलामा मसिनो भुवा जस्तो भएको ज्याकेट, निलो जीन पाइन्ट, कान छोप्ने टोपी लगाएका व्यक्ति हाल देखाइएका मानिस हुन् । निजले श्रीमती गीता ढकाल (कोइराला) लाई कर्तव्य गरी जलाएको एकिन भयो भन्ने समेत व्यहोराको मंगलबहादुर तामाङ्ग, किरणमान बल, सुनिता दोङ्ग र सुर्यबहादुर दोङ्गको एकै मिलानको मिति २०६८।१०।१५ गतेको सनाखत कागज।

३०. मिति २०६८।९।२७ गतेका दिन विहान दाजुलाई विदेश पठाउन एयरपोर्ट गएको थिएँ। साँझ घरमा आउदा कान्छो छोरा आर्यनलाई ल्याएका रहेछन। रन्जन सर घरमा आउनु भएको थिएन । ऐ. २८ गते विहान बा. १ झ ६२१३ नं. को गाडी घरमा नै थियो। मिति २०६८।१०।७ गते साँझ म सुति रहेको थिए। चालक शंकर पौडेलले मेरो ९८४८२६७४०८ मा फोन गरी रन्जन सर भागे खोज्न जाउँ भनेकोले बा. १ झ ६२१३ नं. को गाडी लिएर आएका थिए। खोजी गर्नको लागि मुग्लिङ्ग तर्फ गयौं। तारा रेग्मीले रन्जन सरसँग फोनमा कुरा गरिरहेकी थिईन। रन्जन सर रामनगरमा रहेको भनेपछि थाहा पाएको हो । म र तारा रेग्मीको आफन्त केटालाई मुग्लिङ्गमा बस्नु भनेकोले हामी होटलमा बस्यौं। भोलिपल्ट विहान चालक शंकर पौडेलले मलाई फोन गरी हामीलाई बाहीर निस्कनु भनेकोले निस्की १०/१५ मिनेटमै आई पुगि गाडीमा चढ्यौं।गाडीमा तारा रेग्मी र रन्जन थिएनन्। मलेखु पुलमा आई पुग्दा रन्जन सरले ९८४९९०६१०० नं. बाट मेरो ९८१४५३३६७६ नं. को मोवाइलमा फोन गरी कहा आइपुग्यौ भनेकोले मलेखु आउदै छौ भन्दा बैरेनीमा एउटा मानिसलाई लिएर आउनु भन्नु भयो। बैरेनी आएपछि बा. ८ च ५४०८ नं. को गाडी पार्कीङ्ग गरी साइड लाइट बली रहेको थियो । उक्त नं.को गाडीबाट तारा रेग्मी ओर्लीएर बा. १ झ ६२१३ नं. को गाडीमा चढ्नु भयो। त्यसपछि हामी काठमाडौं स्वयम्भु घरमा आयौ । डि. आई .जि. रन्जन सर भने पछि पछि आउदै थिए । अं.

११ बजेतिर रन्जन पक्राउ परेको सुनेको हो । निज रन्जनप्रसाद कोइरालाले आफ्नै श्रीमती गीता ढकाल (कोइराला) लाई कर्तव्य गरेकोमा शंका लाग्छ भन्ने समेत व्यहोराको यानबहादर शाहीले मिति २०६८।१०।१८ गतेको कागज ।

३१. हरेराम ढकालको छोरी गीता ढकाललाई २०५० सालमा विबाह गरी हामीहरुबाट दुई सन्तानको जायजन्म भई सकेको छ । जेठो छोरा आयुष र कान्छो छोरा आर्यन कोइराला हुन्। श्रीमती गीता ढकाल (कोइराला) सँग मेरो राजीखुशीले विवाह भएको होइन। आमा बावुको करले गरेको। मलाई पुलीस मन पर्दैन भनी सामान्य खटपट भएकोले विगत १० बर्ष देखि हामी बीच अलग–अलग बस्ने कुरा भई निज श्रीमती विष्णु गा.वि.स. को घरमा र म का.जि. इचङ्गुनारायणको घरमा बस्दै आएको छु।मैले श्रीमती गीता ढकाल (कोइराला) लाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतसमक्ष दिएको अंशचलन मुद्दा विचाराधीन अवस्थामा छ। श्रीमतीले मलाई प्रतिवादी बनाई दिएको माना चामल मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मेरो तलवभत्ता रोक्का राख्न जानकारी गराई दिने सम्वन्धी पत्र सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा पठाएको कुरा हाल मिसिल संलग्न अदालतको पत्र देखें। यसै बीच नेपाल सरकारको निर्णयानुसार चीनको बेइजिङमा नेशनल डिफेन्स कोर्सको लागि २०६८ साल भाद्र महिनामा गएर मिति २०६८।९।२१ गते नेपाल फर्कि आएको थिएँ। फर्कि आएपछि गीता ढकाल (कोइराला) सँग कुनै फोन सम्पर्क भेटघाट भएको थिएन । ऐ. २७ गतेका दिन विहान अं. ७:३० बजेतिर गीता ढकाल (कोइराला) ले प्रयोग गर्ने ९७४१०४३९९१ नं. को मोवाइलबाट कान्छो छोरा आर्यन कोइरालाले मैले प्रयोग गर्ने ९८१३२५६००० नं. को मोवाइलमा फोन गरेकोले उक्त फोन जेठो छोरा आयूष कोइरालाले रिसीभ गरेको र निज आयूषले भाइले स्कूल जाडो विदा भएको हुँदा मलाई लिन आउनु भनी खवर गरेको भनी जानकारी गराएपछि कान्छो छोरालाई लिनको लागि म, छोरा आयूष र चालक रामकुमार गुरुङ्ग सहित तीनजना गीता ढकाल (कोइराला) बस्दै आएको घरमा गई छोरा आर्यनलाई १० बजे तिर लिएर आयौं । गीतासँग भेट भएको थियो। तर कुनै गफगाफ भएन। मैले दुवै छोरालाई टेनिश खेल्नको लागि हल्चोकमा छोडी म सपिङ्ग गर्न भाटभटेनी सुपर मार्केटमा गएँ। त्यहाँ सपीङ्ग गर्दा गर्दै गीताले फोन गरी सल्लाह गर्नु छ तुरुन्त घरमा आउनु भनेपछि म केही जरुरी काम होला भनी अं. १२ बजेतिर पुगेको थिएँ । म घरमा पुग्दा गीता भऱ्याङ्ग चढ्ने ठाउँनेर घाम तापेर बसीरहेकी थिइन् । म घरमा पुग्नासाथ गीता ढकाल (कोइराला) ले मलाई व्यापार गर्नका लागि इन्डिया जानु पर्ने भो, चारपाँच लाख जति रुपैया चाहियो भनिन् मैले म सँग पैसा छैन भनी घरबाट निस्केर बाहिर जान खोज्दा गीताले मलाई रोक्दै मेरो ज्याकेट समातेर तान्दै विभिन्न गालीगलौज समेत गर्न लागिन । तानातानकै क्रममा हामी बीच हात हालाहाल भयो । यसै बीचमा म भऱ्याङ्ग चढी गीता ढकाल

(कोइराला) सुत्ने गरेको कोठामा गएँ। उनी मलाई गाली गलौज गर्दै सोही कोठामा आई झगडा गर्न थालिन् । सो कोठामा पनि हामी बीच हात हालाहाल र धकेलाधकेल भयो। हातपातकै क्रममा मैले गीतालाई धकेल्दा उनी कोठाकै भित्तामा बजारिदा निजको टाउको भित्तामा ठोकिन पुग्यो । त्यसपछि उनी बोल्न चल्न नसकी अचेत भईन । मैले नाटक गरेकी होली भन्ठानी बैठक कोठामा आई १०।१५ मिनेट बसे। त्यसपछि पुनः गीता पल्टेको ठाउँमा गई हेर्दा उनी सोही ठाउँमा पहिलेकै अवस्थामा पल्टि रहेकी थिइन। त्यसपछि मैले उनलाई हल्लाई चलाउँदा समेत कुनै प्रतिक्रिया नजनाएपछि उनको स्वाशप्रश्वास समेत बन्द भई सकेको एकिन भई निजलाई बिस्तराको कुना पट्टी छाडि उनी सुत्ने कोठामा लक गरी चावी बाहिर छोराले किताव राख्ने ठाउँ नेर फाली म १ बजे तिर निस्के । म एकदमै आत्तिई बिक्षिप्त भई गीताको लासलाई के गर्ने भनी सोची कुनै एकान्त स्थानमा लगि जलाई नष्ट गर्न उपयुक्त सम्झे। बेलुकाको अं. ६ बजे तिर चालक शंकर पौडेललाई फोन गरी बा.१ झ ६२१३ नं. को सरकारी प्राडो गाडी लिएर महाराजगञ्ज चोकमा आउनु भनी वोलाएँ र बेलुकी ७ बजेतिर गाडी ल्याएँ, मैले बसुन्धरातर्फबाट महाराजगञ्ज नपुग्दै केही वरै निजलाई गाडी रोक्न लगाई यहि खाना खांदै गर म केहीक्षणमा फर्कन्छु भनी म गाडी लिएर गीता बस्ने गरेको घरमा गए । मैले गेट खोली गाडी भित्र गई गीताको लासलाई कम्मलले बेरी भान्सा कोठाकै ढोकाबाट बाहिर निकाली गाडीको पछाडि राखी ८ सवा ८ बजे मुल सडकमा आई शंकर पोडेललाई फोन गरे । मैले गाडी हाँकी चालकलाई छोडेको ठाउँमा पुगि म गाडीबाट ओर्ली ड्राइभरलाई गाडी चलाउन लगाएं। सशस्त्र प्रहरीको पेट्रोलपम्पमा गई ३०।३५ लिटर जति डिजेल भर्न लगाई थानकोटतर्फ जांदै गर्दा नागढुंगा चेकपोष्टमा ९ बजे पुग्यौं । मैले सो गाडीमा तीन चारवटा ग्यालेनमा पहिले देखि ल्याएको पेट्रोलले गीताको लासलाई जलाई नष्ट गर्ने योजना बनाए । लाश जलाउने सुनसान र एकान्त ठाउँ जरुरी थियो । मैले खानीखोला पुगेपछि मेरो ड्राइभर शंकर पौडेललाई त्यही ओर्लन लगाई तिमी यही बस म पछि तिमीलाई खवर गर्छु भनी कुनै निश्चित गन्तव्य र योजना विना गाडी आफैले चलाई नौबीसे हुँदै हेटौडा तर्फ अगाडि बढे। त्यसपछि एक डेढ घण्टा गाडी चलाई अगाडि बढेपछि सुनसान जस्तो ठाउँदेखि गाडी रोके । मैले उक्त लासलाई सुनसान र सडक देखि पर लैजान नसक्ने भएपछि उक्त लासलाई सडक छेउमा जलाई नष्ट गर्न उचित सम्झि सडक छेउमा राखी पेट्रोल लास माथि खनाई आगोले जलाई फर्केको हुँ । खानीखोला आई पुगेपछि मैले ड्राइभर शंकरलाई बोलाई निज आएपछि शंकरलाई गाडी चलाउन दिई अ. ४.३० बजे तिर नागढुंगा क्रश गरी इचङगुनारायणको घरमा आएर गाडी आफिसमा राख्न पठाएको थिए। सो घटनामा अन्य कोही कसैको संलग्नता छैन। मेरो मात्र संलग्नता छ। मिति २०६८।१०।७ गतेका दिन घुमफिरको लागि बा. ८ च ५४०८ नं. को गाडीमा हेटौडा तर्फ जादैं गर्दा

मकवानपुर जिल्लाको टिष्टुङ्ग गा.वि.स. स्थित मेत्राङ्ग भन्ने स्थानमा स्थानीय मानिसहरुले रोकी सोधपुछ गरेपश्चात प्रहरीलाई जिम्मा दिएपछि प्रहरीले मलाई छोडी म हेटौडा तर्फ गए भन्ने समेत व्यहोराको प्रतिवादी रन्जनप्रसाद कोइरालाको अधिकारप्राप्त अधिकारी समक्षको बयान ।

३२. श्रीमती गीता ढकाल (कोइराला) ले यस मन्त्रालयमा आवश्यक कानूनी कारवाही गरी पाउँ भनी दिएको निवेदनको छाँयाकपि पठाइएको भन्ने समेत व्यहोराको गृह मन्त्रालय प्रहरी प्रशासन शाखाको पत्र ।

३३. मिति २०६८।९।२५ गते गीता ढकाल (कोइराला) को घरमा गएकोमा भोली देखि काम गर्न आउनु भन्नु भएकोले ऐ. २६ गते निजको घरमा गै कपडा धुने, तरकारी काट्ने काम गरी बसें, दिदी गीताले खुट्टा मर्कीएको छ भन्नु हुन्थ्यो । ऐ. २७ गते विहान १० बजे उहाँको घरमा जाँदा कान्छो छोरा आमा संगै थिए। मलाई काम देखाई दिनु भयो। म करेसाबारी तर्फ काम गर्न गएँ । सोही अवस्थामा कान्छो छोरालाई रन्जनप्रसादले अंगालो हालेको देखेको थिए। मैले अन्दाजी १२ बजे तिर काम सकेपछि गीता कोइरालालाई भेट गर्न जाँदा निज आफ्नो कोठा वाहीर बरण्डामा बसी खुट्टा मालिश गर्दै हुनुहुन्थ्यो । छोरा तथा बावुलाई देखिन। कुकुरलाई हड्डी भएको मासु किनेर ल्याई दिनु भनेर १०० दिनु भयो। मैले मासु ल्याई कहाँ राख्ने भन्दा भान्सा कोठामा राखी दिनु भन्नु भयो। भोलीपल्ट गीताको घरमा जाँदा बाहीर गेटमा ताला लगाई राखेकोले वाहीर जानु भएको होला भन्ने सोची फर्कि आएँ । पछि निज दिदीको घरमा प्रहरी समेत आएको र दिदी गीतालाई निजकै श्रीमान रन्जनप्रसाद कोइरालाले अपहरण गरी कर्तव्य गरी मारेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको बुझिएकी सरस्वती परियारको कागज ।

३४. म एक डेढ बर्ष अगाडि देखि गीता ढकाल (कोइराला) को घरमा घरायसी सरसफाईको काम गरी आएकी थिएँ । २०६७ सालको तिहार पछि गीता ढकाल (कोइराला) को जेठो छोरा बावुसँग का.जि. स्वयम्भुमा वस्ने गरेको थिए। चाइनाबाट बावु आएको भन्ने कुरा सानो छोराले आमालाई भनेका रहेछन। मिति २०६८।९।२६ गतेका दिन दिदीले मलाई फोन गरी तपाई नआउने? भन्दा मैले म पुजामा छु आउन सक्दिन भनेकोले, ऐ.२७ गतेका दिन दिउसो दिदीलाई पुजाको प्रसाद पुर्‍याउन गएं । भित्र गई दिदी दिदी भनी वोलाउँदा कुनै आवाज आएन। दिदी नवोलेपछि उहाँ सुत्ने कोठामा गई बोलाउदा समेत नवोली ढोकामा फिट भएको हेण्डिल घुमाई खोल्न खोज्दा लक लगाएको रहेछ । त्यसपछि कराउदै करेसावारी तर्फ गएं कही कतै नदेखि फोन गर्दा फोन नउठेकोले म डेराकोठा फर्के। मेरो डेरा कोठाबाट दिदी गीताको घर तर्फ हेर्दा भर्‍याङ्ग चढने प्यासेजको वरण्डामा पहिलाको सेतो पर्दा नदेखेको र पछि पर्दा लगाई सकेको देखेको थिएँ । साँझ अं.७.३० बजे दिदी गीताको घर अगाडि गाडीको आवाज

सुनी हेर्दा ढोका खोली गाडी भित्र गयो । दिदीको आफन्त मानिस होला भन्ने सोचें।सो अवस्थामा लोडसेडिङ्ग भएकोले अध्यारो थियो । जीप गाडीको प्रष्ट रंग एकिन गर्न सकिन। घरको भान्सा कोठा अगाडि लसुन लगाएको स्थानमा गाडी रोकेको देखे एकजना मानिस सानो लाइट बाली घर भित्र प्रवेश गरेकोसम्म देखेको र मानिस कस्तो थियो एकिन गर्न सकिन। १५।२० मिनेटपछि गेटमा गाडी रोकी ढोकाबन्द गरेको आवाज सुनें, दिदी अस्पताल तर्फ जान लाग्नु भयो होला भनी सोचे । भोलिपल्ट २९ गते गीता ढकालको भाई आई मलाई सोधेपछि प्रहरी आए। पछि बुझ्दै जाँदा दिदी गीतालाई निजकै श्रीमान रन्जनप्रसाद कोइरालाले कर्तव्य गरेको लासलाई मकवानपुर टिष्टुङ्ग भन्ने स्थानमा लगि जलाएको थाहा पाएँ भन्ने समेत व्यहोराको बुझिएकी गीता कटुवालले गरेको कागज।

३५. यस कार्यालयमा डि.आई.जि. पदमा कार्यरत रन्जनप्रसाद कोइराला चीनमा तालिमको लागि मिति २०६८।५।१६ गते जानु भएको थियो। निजलाई यस कार्यालयबाट बा.१ झ ६२१३ नं. को प्राडो गाडी र चालक तथा अंगरक्षक सुबिधा स्वरुप उपलव्ध गराइएकोमा गाडी चालक स.प्र.ज. शंकर पौडेलले बुझेको, तालिमबाट विदामा आएको कुरा निजले यस कार्यालयमा जानकारी नगराएको, विदेश तालिममा रहेको व्यक्ति विदामा आउदा सम्वन्धित कार्यालयलाई जानकारी गराउने वा नगराउने भन्ने सम्वन्धमा स्पष्ट व्यवस्था नरहेको हुँदा उक्त कुरा सम्वन्धित अधिकृतको विवेकमा भरपर्ने र विदामा आएपछि रन्जनप्रसाद कोइरालाको आदेशबमोजिम नै चालक शंकर पौडेलले मिति २०६८।९।२१ गते विहान १० बजे निजलाई लिन उपलव्ध गराइएको गाडी लिई गएको, निजको जिम्मामा कुनै हातहतियार नरहेको साथै मिति २०६८।९।२७ गते चालक शंकर पौडेलले १२३ लिटर पेट्रोल रन्जनप्रसाद कोइरालाको नाममा रहेको व्यक्तिगत खातामा जनाई लगेको कुपनबाट देखिएको भन्ने समेत व्यहोराको सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति २०६८।१०।२० गतेको पत्र ।

३६. मिति २०६८।१०।७ गतेका दिन १५ बजे भाई रन्जनप्रसाद कोइरालालाई फोन गरी गीता ढकाल (कोइराला) हराएको सम्बन्धमा पत्रकार माझ कुरा राखु पर्‍यो भनी बानेश्वर चोकमा भेट भएपछि केही समयको लागि गाडी चाहियो भनेकोले बा. ८ च ५४०८ नं. को गाडी दिएको हुँ । निज गाडी लिएर कहाँ गए थाहा भएन, गाडी लगेपछि के कहा गयो भनी खोजी गर्दा फेला परेनन्, रातको १२ बजे भाईलाई फोन गर्दा फोन लाग्यो बोल्दा केही लागू औषध खाए जस्तो बोली सुनि तिमी कहाँ छौ भन्दा म कहाँ छु थाहा छैन भनेका थिए । उक्त गाडीमा फेला परेको सेतो प्लाष्टिक घर नजिक स्वीमिङ्गपुल मासी कोठा निकाली काम गर्न भनी कामदारहरुलाई ल्याई राख्न अराएको थिए । निजहरुले नै ल्याई डिकीमा राखेका हुन् वा के हो सो मलाई थाहा भएन भन्ने समेत व्यहोराको रबीन्द्रप्रसाद कोइरालाले गरेको कागज।

३७. म का.जि. विष्णुबुढानिलकण्ठ गा.वि.स. पासीकोटमा आमा गीता ढकाल (कोइराला) संगै बस्छु। दादा आयूष, बाबा, हजुर आमा स्वयम्भुको घरमा बस्नु हुन्छ, बाबा र ममीको झगडा विवाद हुने मलाई थाहा छैन । मिति २०६८।९।२५ गतेका दिन साँझ ७ बजे दादा आयूषलाई फोन गर्दा फोन बाबाले उठाउनु भएकोले बाबा चाइनाबाट आउनु भएको थाहा भयो । मैले बाबासँग कुरा गर्दा ममीले सुन्नु भएको थियो । बाबाले हेलो बेटा के छ भनी फोन राख्नु भयो । ऐ. २७ गते विहान अं.७.३० बजेतीर म सुती रहेको थिएँ, दादाले गर्नु भएको फोन उठाउँदा तिमी यहाँ आउने होइन ? भन्नु भयो मैले आमालाई सोध्छु अनी फोन गर्छु भने। आमासँग सोध्दा जाउन त भन्नु भएकोले दादालाई मलाई लिन आउनु भनें । विहान १०.३० बजे तिर बाबा, दादा र चालक गाडी लिएर घरमा आउनु भयो । बाबासँग कुरा गरी बाबाले ल्याई दिएको कपडा लगाएं, बाबा ममीको कुनै कुरा भएको सुनिन।१०।१५ मिनेट पछि म, दादा, बाबासंगै गाडीमा स्वयम्भु घरमा गयौ। त्यसपछि केही समयपछि बाबा बाहिर निस्की जानु भएको थियो, के कहाँ जानु भयो थाहा भएन सो दिन भेट पनि भएन, भोलीपल्ट विहान बाबालाई देखेको हो, अरु मलाई थाहा भएन भन्ने समेत व्यहोराको आर्यन कोइरालाको कागज ।

३८. मेरो बाबा र आमा पहिला संगै रहँदा सामान्य विवाद हुने गरेको थियो । ५।६ बर्ष अगाडि देखि बाबा र ममी फरक फरक घरमा बस्दै आउनु भएको थियो। म ७।८ महिना अगाडि देखि बाबासँग बस्दै आएको छु । ४।५ महिना अगाडि बाबा चाइना जानु भएको थियो । एक महिना अगाडि चाइनाबाट फर्कि घरमा आउनु भएर मिति २०६८।९।२७ गते विहान ७.३० बजे भाई आर्यनलाई फोन गरी स्वयम्भु घरमा आउने होइन भन्दा ममीसँग सोध्नुपर्छ भनेका थिए । केही समयपछि भाईले फोन गरी ममीले जाउन त भन्नु भएको छ, लिन आउनु भनेकोले बाबा, चालक रामकुमार गुरुङ्ग र म कारमा भाईलाई लिन अं. १०.३० तिर गयौ। ममीसँग मेरो कुरा भएको थियो। बाबा र ममीको कुनै कुरा भएन। भाईलाई बाबाले ल्याई दिएको कपडा लगाई दिई बाबा सहित फर्की घरमा आयौं । अं. १० मिनेटपछि बाबा घरबाट बाहिर निस्की जानु भएको थियो । सो दिन साँझ आउनु भएन । भोलीपल्ट विहान बाबालाई घरमा नै देखेको हो भन्ने समेत व्यहोराको आयूष कोइरालाको कागज ।

३९. प्रतिवादी रन्जनप्रसाद कोइरालाको श्रीमती गीता ढकाल (कोइराला) ले २०६७ सालमा रन्जनप्रसाद कोइरालालाई आवश्यक कारबाही गरिपाउँ भनी दिएको उजुरी निबेदन दर्ता गरिएको अभिलेखमा नदेखिएको भए तापनि निज पीडित गीता ढकाल (कोइराला) स्वयं उपस्थित भई रन्जनप्रसाद कोइरालाले आफुलाई बारम्बार कुटपिट गरी यातना दिएकोले शान्ति सुरक्षाको व्यवस्थाको लागि लैङ्गिक हिंसा विरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाई सल्लाहकार समूहका सदस्य माननीय सपना मल्ल प्रधानले रन्जनप्रसाद

कोइरालालाई बोलाई अव आइन्दा यस प्रकारको हरकत नगर्न र हानी नपुऱ्याउन सम्झाई बुझाई गरी पठाएको भनी यस कार्यालयमा मौखिक जानकारी गराएको भन्ने समेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरवारको मिति २०६८।१०।२२ गते पत्र ।

४०. गीता ढकाल (कोइराला)को हत्यामा तारा रेग्मी समेतको संलग्नता रहेको कुरा खुल्न आएको हुँदा निज तारा रेग्मीसमेतलाई पनि पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको हरेराम ढकालको मिति २०६८।१०।२४ गतेको पुरक जाहेरी दरखास्त ।

४१. छोरा रन्जनप्रसाद कोइराला र बुहारी गीता ढकाल (कोइराला) एक आपसमा संगोलमा बस्न नसकी छुट्टाछुट्टै बस्दै आएका थिए । नाती आयूष कोइराला बाबु रन्जनसंगै र कान्छो छोरा आमा गीतासँग बस्दै आएका थिए । मिति २०६८।९।२१ गते छोरा रन्जन चाईनाबाट फर्केको र मैले २ दिन पछिमात्र भेटेको हुँ । छोरा मिति २०६८।१०।१ गते बिरामी भएकोले गंगालाल अस्पताल लगि उपचार गरी भोलीपल्ट डिस्चार्ज भएका हुन्।मिति २०६८।१०।८ गते रन्जनप्रसाद कोइरालाले बुहारी गीतालाई कर्तव्य गरी मारेको अभियोगमा पक्राउ भएको भन्ने सुने, निज छोराले २०६८।९।२७ गतेनै गीता ढकाल (कोइराला) लाई कर्तव्य गरी मकवानपुर जिल्ला टिस्टुङ्ग गा.बि.स. को मेत्राङ भन्ने ठाउमा लगि जलाएको भन्ने सुनि थाहा पाएको भन्ने व्यहोराको रमादेवी कोइरालाको कागज।

४२. रन्जनप्रसाद कोइराला र बुहारी गीता ढकाल कोइराला एक आपसमा संगोलमा बस्न नसकी बुहारी गीता का.जि. बिष्णु गा.बि.स. को घरमा र छोरा रन्जन का.जि. इचङ्गुनारायण गा.बि.स. को घरमा बस्ने गरेका थिए, निजहरु बीच अंश चलन तथा मानाचामल सम्बन्धी मुद्दा दर्ता भएको छ। यसै क्रममा बुहारी गीता ढकाल (कोइराला)लाई अपहरण गरि बेपत्ता पारेको भन्ने सम्बन्धमा बुहारीको बुबा हरेराम ढकालले हनुमानढोका प्रहरीमा किटानी जाहेरी दिएका रहेछन्, सो सम्बन्धमा दुबै थरि उपस्थित भई छलफल गरियो, समस्या टुंगो लागेन । मिति २०६८।१०।४ गतेका दिन भाई रन्जनसमेत गीता ढकाल (कोइराला) को घरमा प्रहरीले खानतलासी गर्दा फेला परेका गीता ढकालको फोटो खिची निकाली खोजतलासको लागि माग गरेको हुनाले निजको अंगरक्षकलाई दिएर पठाएको थिएं। मिति २०६८।१०।७ गते राती भाई रन्जन घरमा र कसैको सम्पर्कमा नभएको थाहा पाएँ। मैले फोन गर्दा आफू मुग्लिङ्गमा रहेको भनी बताएका थिए। सो कुरा तारा रेग्मीलाई फोन गरी बताए। निजलाई खोज्न तारा रेग्मी समेत गइछिन्। भोलीपल्ट बिहान भाई रन्जनले बुहारी गीतालाई कर्तव्य गरेको अभियोगमा प्रहरीद्वारा पक्राउ परेको भन्ने समाचार माध्यमबाट

थाहा पाएं, उक्त वारदातमा तारा रेग्मीको संलग्नता र भूमिका रहेको भन्ने मलाई थाहा भएन भन्ने समेत व्यहोराको रमेश कोइरालाको कागज ।

४३. प्रतिवादी तारा रेग्मीलाई खोज तलास गर्दै जाँदा फेला परेकोले पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

४४. मैले पहिलो श्रीमानसँग सम्वन्ध विच्छेद गरी काठमाडौंमै बसी व्यवसाय गर्न थाले पछि रन्जनप्रसाद कोइरालासँग भेट भई एकआपसमा विवाह गर्ने कुरा भई हालसम्म निजसंगै बस्दै आएकी छु। रन्जनप्रसाद कोइराला र निजको श्रीमती गीता ढकाल (कोइराला) बीचको सम्वन्ध विग्रिएकोले निजहरु एक आपसमा संगोलमा बस्न नसकी फरक-फरक घरमा बस्दै आएको थाहा छ । रन्जनप्रसाद कोइराला तालिमको लागि चाइना गई मिति २०६८।९।२१ गते विदा लिई आएकोले एयरपोर्टमा लिनको लागि म र चालक शंकर पौडेल गई ल्याई मेरै घरमा लगेकी थिएं । मिति २०६८।९।२६ गते म मलेशिया गई मिति २०६८।१०।५ गते नेपाल फर्किएकी हुँ । घरमा आएपछि रन्जनप्रसाद कोइरालाले गीता ढकाल हराएकी छे, कहाँ गइन् थाहा भएन भनेका थिए। मिति २०६८।१०।६ गते गीता ढकालको बावु हरेराम ढकालले दिएको उजुरी निवेदन सम्वन्धमा छलफल गर्ने भनी हनुमानढोकामा म पनि आएकी थिएं। ऐ. ७ गते विहान मेरो गाडी लिएर दिदी रमा भारती कहाँ जान्छु भनी रन्जनप्रसाद कोइराला गएको र साँझ फोन गर्दा फोनको घण्टी जाने, फोन नउठाउने गरेको र उठेपनि गाडी चलेको जस्तो आवाज आउने गरेको थियो। के कहाँ गए होलान भनी खोजी गर्नको लागि मेरो भाई इश्वर रेग्मीलाई साथ लिई रिङरोड चक्कर लगाई विभिन्न होटलमा गई खोज्दा पनि पत्ता नलागे पछि रमेश कोइरालाको घरमा गयौं, रमेश कोइरालाको फोनबाट रन्जनप्रसाद कोइरालालाई फोन गरी कहाँ छौ भन्दा कुनै ठाउं नबताएको र मैले फोन गर्दा मुग्लिङमा छु भनेको र नागढुंगा प्रहरीमा फोन गरी बा.८ च ५४०८ नं. को कार बाहिर गएको छ छैन भनी फोनबाट जानकारी लिंदा गएको भन्ने थाहा पाई खोजी गर्न भनी चालक शंकर पौडेललाई सरकारी गाडी लिई स्वयम्भु चोकमा आउन भनें। म भाई इश्वर रेग्मीको मोटरसाइकलमा स्वयम्भु गएँ। मोटरसाइकल त्यही छोडी भाई, चालक, बडीगार्ड ऋषिराम पौडेल समेत भई खोजी गर्न गयौ। रातको अं. १२ बजेको थियो होला, नागढुंगा हुदै जाँदै गर्दा भाई शंकर रेग्मीलाई चितवनमा फोन गरी तिमी बा.८ च ५४०८ नं. को गाडी खोजी गर्दै काठमाडौं तर्फ आउँ हामीपनि आउँदै छौं भने, नौबीसे कटेपछि भाई शंकरले मलाई फोन गरी उक्त नं.को गाडी रामनगरमा भेटियो। गाडीमा भिनाजु बेहोस जस्तो सारै विरामी जस्तो देखिनुहुन्छ भनेकोले उपचारको लागि अस्पताल लैजाउ भनें । भाइले अस्पतालमा लगि जाँच गराएपछि घरमा राखेको र म समेत नारायणगढ माइती घरमा अं. ४ बजे पुगी रन्जनसँग भेट भयो । म सँग गएका चालक बडीगार्डहरुलाई सुत्न पठाएँ । रन्जनसँग कुरा गर्दा प्रष्ट

बोली नफुट्ने केही नवोल्ने गरेकोले तपाइले गीतालाई केही गर्नु भएको छ की भनी सोध्दा निजले टाउको हल्लाएर हो भनी आँशु खसाली रोए । त्यसो हो भने अव काठमाण्डौमै जाउँ जे जसो गर्नु पर्ने हो त्यही गएर गर्नु पर्छ भनी भने । त्यसपछि चालक शंकरलाई फोन गरी तिमीहरु गाडी लिएर काठमाण्डौं तर्फ फर्कनु भनी भाई इश्वरलाई तेल भर्न भनी रु. २०००।– छोडि मैले रन्जनलाई बा.८ च ५४०८ नं. को गाडीमा काठमाडौं तर्फ ल्याउदै गर्दा बीचबाटोमा गाडी साइड लगाएं।अव तिमीले छोराहरु र आमालाई हेर्नु, गीता मरी, म फँसे भनी छट्पटिने गरेकोले यस्तो कुरा अव नदोहोराउनु म सुन्न चाहन्न भनी आउदै गर्दा बैरेनी कटि सकेपछि निजले गाडी रोकी तिमी अर्को गाडीमा जाउ म पछि आउछु भन्दा मैले संगै जानुपर्छ भनी जिद्धि गर्दा समेत नमानी कसम खाई म जसरी भएपनि आउछु भनेकोले चालक शंकरलाई फोन गरी तिमी कँहा आउदै छौ भनी फोन गर्दा हामी आउदै छौ भनी केही समय पछि बा.१ झ ६२१३ नं. को गाडी लिई आई पुगे । म सोही गाडीमा आएं। नागढुंगा क्रश गरी आउदै गर्दा निज रन्जनले मेरो गाडी पुलिसले रोक्यो भनेकोले राती टिपाएको नम्वर भएकोले प्रहरीले रोक्यो होला भन्ने सोचें, निजले फोन काटे हामी स्वयम्भु घरमा गयौं । केही समयपछि डि.आई.जी. रन्जन श्रीमती गीताको हत्या अभियोगमा पक्राउ भन्ने संचार माध्यमबाट समेत सुनेकी हुँ। निजले गीता ढकालको हत्या गरेको भनिएको दिनमा म मलेशियामा रहेकोले कर्तव्य गर्नमा मेरो कुनै संलग्नता छैन । हरेराम ढकालले किन मलाई पछि किटानी जाहेरी दिनु भयो मलाई थाहा भएन भन्ने समेतको प्रतिवादी तारा रेग्मीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान।

४५. मिति २०६८।१०।६ गतेका दिन छोरीको उपचारको लागि काठमाडौंमा आई दिदी तारा रेग्मीको घरमा बसेको थिएं । मिति २०६८।१०।७ गतेका दिन साँझ भिनाजु रन्जनप्रसाद कोइराला हराएकोले खोजी गर्न जानु पऱ्यो भनी मेरो मोटरसाइकलमा दिदी तारा रेग्मीलाई राखी काठमाडौ चक्रपथ रिङरोड घुमी, विभिन्न होटलहरुमा खोजी गर्यौं फेला परेनन् । रातको अं. १२ बजे तिर भिनाजु मुग्लिङ तर्फ रहेको भन्ने दिदीबाट थाहा भएकोले खोजी गर्नको लागि दिदीले बा.१ झ ६२१३ नं. को गाडी मगाई स्वयम्भु चोकमा ल्याउनु भनेकोले हामी स्वयम्भु चोकमा गयौं । त्यँहा गाडी लिएर चालक शंकर पौडेल, यानबहादुर शाही र ऋषिराम ढुंगेल आए पछि हामी खोजी गर्न थानकोट नौबीसे हुँदै जाँदै गर्दा दिदीले शंकर रेग्मीलाई फोन गर्नु भएकोले भिनाजु रामनगरमा फेला पर्नु भयो रे भन्नु भयो। दिदीले यानबहादुर शाही र मलाई मुग्लिङमा बस्नु भन्नु भयो । हामी त्यही बस्यौं, भोली पल्ट साँझ गाडी आयो। दिदी सो गाडीमा देखिन। हामी गाडी चढी काठमाडौं आउँदै गर्दा बैरेनी अगाडि सडक छेउमा बा.८ च ५४०८ नं. को गाडी रोकिएको, दिदी सडक छेउमा उभी रहनु भएको र भिनाजु गाडी भित्र देखेको थिएं। दिदी हामी चढेको गाडीमा चढ्नु भयो।छिटो जाउ भनी हामी

काठमाडौं आयौं। थानकोट तर्फ आउदै गर्दा नागढुंगामा गाडी रोकी प्रहरीले पक्राउ गरेको भनी दिदीले भनेकोले थाहा पाएको हो। हामी स्वयम्भु घरमा पुगि बसेका थियौं। केही समयपछि डि.आई.जी. रन्जन श्रीमती गीताको हत्या अभियोगमा पक्राउ परेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको बुझिएका इश्वर रेग्मीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको कागज ।

४६. मिति २०६८।१०।७ गतेको राती म घरमै थिए । दिदी ताराले फोन गरेर भिनाजु हराउनु भएको छ, बा. ८ च ५४०८ नं. को गाडी लिएर हिड्नु भएको छ, खोजी गर्नको लागि मुग्लिङ तर्फ आउँ हामी काठमाडौंबाट आउँदै छौं भन्नु भएकोले म मोटर साईकल लिई खोजी गर्नको लागि चितवन रामनगर आइपुग्दा रामनगरको सडक किनारामा बा. ८ च ५४०८ नं. को गाडी रोकि राखेको देखें र नजिक गई हेर्दा भिनाजुलाई देखें।गाडीको ढोका खोली हेर्दा बिरामी भए जस्तो देखें, बोलाउदा बोल्नु भएन । मैले गाडी हाँकी अस्पताल लगि जाँच गराउदा केही रक्तचाप बढेको भनी डाक्टरले भनेको र यसमा केही डर मान्नु पर्दैन भनेकोले निजलाई मेरो घरमा लगि राखेको थिए । विहान अं. ४ बजे दिदी पनि आइपुग्नु भयो।दिदी भिनाजुको के के कुरा भए मलाई थाहा भएन । निजहरु सरकारी गाडी लिएर गए। दिनको १२ बजे न्यूजमा डि.आई.जी. रन्जन श्रीमतीको हत्यामा पक्राउ परेको कुरा संचार माध्यमबाट थाहा पाए भन्ने समेत व्यहोराको बुझिएका शंकर रेग्मीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको कागज ।

४७. करिव एक बर्ष अगाडि रन्जनप्रसाद कोइरालाले गीता ढकाल (कोइराला)लाई घरमा बस्न नदिई ताला लगाएको विषयमा जिज्ञासा राख्दा घरकै शत्रुले यस्तो कार्य गरेको हो। सहयोग गर्नुहोस भनी सहयोगको अपेक्षा गरेकीले सोही दिन प्रहरीको सहयोगमा घर खोलिएको थियो । मिति २०६८।९।३० गतेका दिन गीताको घर अगाडि प्रहरी आई जम्मा भेला भएको देखि बुझ्दा गीता हराएकी छिन भन्ने थाहा भयो । मिति २०६८।१०।८ गते रन्जनप्रसाद कोइरालाले आफ्नै श्रीमती गीतालाई कर्तव्य गरी मकवानपुर जिल्लाको टिष्टुङ्गको जंगलमा लगि जलाएको भन्ने थाहा पाएं । निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी जलाएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको तारा थापाले अधिकारप्राप्त अधिकारी समक्ष गरेको कागज ।

४८. रन्जनप्रसाद कोइरालाले आफ्नै श्रीमती गीता ढकाललाई मिति २०६८।९।२७ गते कर्तव्य गरी मकवानपुर जिल्लाको टिष्टुङ्गको जंगलमा लगि जलाएको भन्ने थाहा पाएं। निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी जलाएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको ज्वाला कुँवरले अधिकारप्राप्त अधिकारी समक्ष गरेको कागज ।

४९. गीता ढकाल (कोइराला) छोरा आर्यनलाई साथमा लिई का.जि. विष्णु गा.वि.स. वडा नं. ५ को घर बस्ने गरेकी थिइन । श्रीमान श्रीमती बीचको सम्वन्ध राम्रो थिएन ।

निजहरु बीच अंशचलन र माना चामल मुद्दा काठमाडौं जिल्ला अदालतमा चलेको थाहा पाएको हुँ। मिति २०६८।९।२९ गते गीता ढकाल (कोइराला) हराएको भन्ने सुनेको र २०६८।१०।८ गते रन्जनप्रसाद कोइराला श्रीमती गीता ढकाल (कोइराला) को हत्या अभियोगमा पक्राउ परेको भनी सुनी थाहा पाए। गीता ढकाललाई रन्जनप्रसाद कोइरालाले मिति २०६८।९।२७ गते कर्तव्य गरी मकवापुर जिल्लाको टिष्टुङ्ग गा.वि.स. को जंगलमा लगि जलाएको भन्ने थाहा पाएँ । निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी जलाएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको सितु कार्की र डा. नारायण कुँवरले अधिकारप्राप्त अधिकारी समक्ष गरेको कागज ।

५०. दिदी भिनाजुको सम्बन्ध राम्रो थिएन।भिनाजु मिति २०६८।९।२१ गते चाइनाबाट नेपाल आएपश्चात्का केही दिनसम्म दिदी गीतासंग सम्पर्क भै रहेकोमा मिति २०६८।९।२८ गते फोन सम्पर्क नभएकोले ऐ. २९ गते दिदीको घरमा गएर हेर्दा गेटमा ताला लगाएको थियो। यसैक्रममा दिदीको घरमा काम गर्ने सँग भेट भई सोधिखोजि गर्दा निजले पनि घरमा नदेखेको, नभटेको, साँझ ७/८ बजे तिर जिप जस्तो गाडी भित्र पसेर बाहिर निस्केको देखेको भनेकोले ऐ.३० गते प्रहरीको सहयोगले ढोका खोली हेर्दा घरमा नभएको, बेडरुममा ताल्चा लगाएको देखियो। त्यसपछि जाहेरी दिई खोजतलास गर्दा प्रतिवादीले कर्तब्य गरी शव मकवानपुरमा पुर्‍याई जलाएको भन्ने कुरा एकिन भयो। दिदी गीता ढकाल (कोइराला) लाई कर्तव्य गर्ने योजनामा मतियारको रुपमा तारा रेग्मी समेत संलग्न छिन् भन्ने समेत व्यहोराको दिपक ढकालले अधिकारप्राप्त अधिकारी समक्ष गरेको कागज।

५१. मिति २०६८।९।२८ गते विहान यस कार्यालय अन्तर्गत जिल्ला मकवानपुर टिष्टुङ्ग गा.वि.स. वडा नं. ८ त्रिभुवन राजपथको मेत्राङ्ग भन्ने स्थानमा जलाइएको अवस्थामा मानिसको लास फेला परेकोले लास जाँचको प्रारम्भिक अनुसन्धान कार्य गरी अन्य कार्य जारी रहेकोमा मिति २०६८।१०।७ गते साँझ १९ बजेको समयमा उक्त स्थानमा गाडी सहित एकजना मानिस आई घटनास्थलको सुक्ष्म निगरानी गरिरहेको भन्ने स्थानीय मानिसहरुबाट सूचना प्राप्त भएकोले प्रहरी टोली खटिई जाँदा निगरानी गर्ने मानिस र निजले प्रयोग गरेको बा. ८ च ५४०८ नं. को गाडी सहित फेला पारी कार्यालयमा ल्याई सोधपूछ गर्दा निगरानी गर्ने भनिएका मानिस सशस्त्र प्रहरीको डि.आई.जी. रन्जनप्रसाद कोइराला भएको र हेटौडा हुदै बिरगंज तर्फ जान लागेको, दिशा लागेर दिशा गर्ने स्थान हेर्दा स्थानीय मानिसहरुले मलाई रोकी प्रहरी बोलाएका हुन् भनी घटनाप्रति अनभिज्ञता रहेको बताए।सोही व्यहोरा जिल्ला प्रहरी कार्यालय हेटौडाका प्रहरी उपरीक्षक श्याम खड्का समेतलाई जानकारी गराएपछि डि.आई.जि. भए छाडि दिनु भन्ने आदेश भएकोले छोडि दिएको हो, निजको श्रीमती गीता ढकाल

(कोइराला) हराएको भन्ने सम्वन्धमा यस कार्यालयमा कुनै लिखित मौखिक जानकारी थिएन भन्ने समेत व्यहोराको इलाका प्रहरी कार्यालय, पालुङ्गको घटना विवरण कागज।

५२. मैले मृतकका भाई प्रदिप ढकाललाई मिति २०६८।९।२७ गते गीता ढकालको बारेमा भएको व्यहोरा बताई सकेको छु भन्ने समेत व्यहोराले गीता कटुवालले महानगरीय प्रहरी प्रभाग बुढानिलकण्ठमा गरेको मिति २०६८।९।३० गतेको कागज।

५३. प्रतिवादी रन्जनप्रसाद कोईरालाले मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १ नं. विपरित १३ (३) नं. बमोजिमको कसूर अपराध गरेकाले निजलाई सोही महलको १३ (३) नं. बमोजिम सर्वस्व सहित जन्म कैद र प्रतिवादी तारा रेग्मीले मुलुकी ऐन, ज्यान सम्वन्धी महलको १ नं. विपरीत १६ नं. बमोजिमको कसूर अपराध गरेको हुँदा सोही महलको १६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

५४. म ११ महिने नेशनल डिफेण्डस कोर्सको तालिम गर्न २०६८ साल भाद्र महिनामा चाईना गई मिति २०६८।०९।२१ गते विदा लिई नेपालमा आउँदा तारा रेग्मी मलाई रिसिभ गर्न एयरपोर्टमा आएकी, सो २१ गतेदेखि २७ गतेसम्म घरमा मेरी आमा र बच्चासँग वसेको थिएँ । २७ गते छोरा आयुषले कान्छो छोरा आर्यनलाई विद्यालय छुट्टी भएकोले संगै बस्ने कुरा गरेकोले भाईलाई लिन जाउँ भनेकोले बुढानिलकण्ठ गई छोराहरु, म र ड्राइभर करिव पौने घण्टामा बुढानिलकण्ठबाट फर्की भाटभटेनीमा सपिङ्ग गरी आएका हौं। बुढानिलकण्ठको घरमा मैले गीता ढकाललाई देखिन।भाटभटेनीमा २७ गते १२ बजे देखि ३ बजेसम्म सामान हेरी महाराजगञ्जको नविनराज जोशीको रेष्टुरेण्टमा बसि नविन जोशी र मैले एक एक वोतल वियर पियौं। त्यसपछि वेलुकीको अं ६.३० बजेतिर नविनराज जोशी र म आफ्नो घर स्वयम्भुमा गइ बसि नविन र म इभिनिङ्गवाकमा गई रातको ९.३० बजे नविन निजको घरमा गए म आफ्नो घरमा गएँ। म चीनबाट घरमा आउँदा जानकारी दिन जरुरी नभएकोले जानकारी दिएको थिइन । मलाई गीता ढकाल (कोइराला) लाई अपहरण गरी वेपत्ता पारेको आरोप लगाएको हुँदा मिति २०६८।१०।७ गते ३ बजे निजको खोजीमा काठमाडौंबाट हेटौडा हुँदै नारायणघाट जाने सिलसिलामा राती मकवानपुरको टिष्टुङ्ग नजिक खुल्ला रोडमा मैले गाडी रोकी पिसाव फेरी अलि पर पुगेपछि गाउँले आई हाम्रो गाउँमा घट्ना घटेको छ भनी मलाई रोकी प्रहरी आएपछि म प्रहरीहरुसंगै आएको हुँ।मलाई स.प्र.ज. शंकर पौडेल समेतले मिति २०६८।१०।७ गते खोज्न गएका हुन् । पेट्रोल किन्ने आदेश मैले दिएको होईन । बा.८ च ५४०८ नं. को गाडी प्रहरीले बरामद गरेको हो। गीता र मेरो बीच यसै अदालतमा अंश मुद्दा समेत दायर भएको कारण म माथि पोल गरेको हो।मैले गीता ढकाललाई कर्तव्य गरेको होईन । श्रीमती गीता ढकाल

(कोइराला) र मेरो सम्वन्ध राम्रै थियो भन्ने व्यहोराको प्रतिवादी रन्जनप्रसाद कोइरालाले काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

५५. मैले प्रतिवादी रन्जनप्रसाद कोइरालासँग विवाह गरेको होइन। रन्जन र निजको श्रीमती गीता ढकालको सम्वन्ध राम्रो छैन भन्ने मलाई जानकारी पहिले नै थाहा थियो। गीता ढकाललाई कर्तव्य गर्नमा मेरो संलग्नता छैन। मिति २०६८।९।२६ गते मलेसिया गई माघ ५ गते आएकी हुँ।म मलेशियाबाट फर्केको रात रन्जन मेरो घरमा आई म संगै बसेका हुन्। रन्जनप्रसाद कोइराला र म आधिकारिक लोग्ने स्वास्नी नभएपनि संगै वस्ने गरेको हुँदा मेरो भाईहरुले रन्जनलाई भिनाजु भनेका होलान् । मलाई रन्जनले रखैल राखेको कारण गीतालाई मारेको भन्ने जाहेरी व्यहोरा झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादी तारा रेग्मीले सुरु काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

५६. DNA परीक्षण प्रतिवेदन पठाएको महानगरीय प्रहरी परिसर काठमाडौको च.नं. ५९६१ मिति २०६८।१२।२ को पत्र ।

५७. घटना विवरण कागज गर्ने सितु कार्की, ज्वाला कुँवर, गीता कटुवाल, प्र.ज. युगमाया श्रेष्ठ, स.प्र.ज. रामकुमार गुरुङ, शंकर पौडेल, जाहेरवाला हरेराम ढकाल, स.प्र.स.ह. सहदेव जैसी, रामकुमार स्याङताङ, रमादेवी कोइराला, रविन्द्रप्रसाद कोइराला, रमेश कोइराला, शंकर रेग्मी, इश्वर रेग्मी, आयूष र आर्यन कोइराला, सुनिता दोङ, सुर्य बहादुर दोङ, किरणमान बल, मंगलबहादुर मोक्तान, यानबहादुर शाही, प्र.ज. जितेन्द्र महतो, प्र.ह. कृष्ण ढकाल, प्रहरी निरीक्षक डिल्लीप्रसाद मैनाली, विशेषज्ञ डा. विनुशोभा तुलाधर, जीवनप्रसाद रिजाल, निर्मला उप्रेती र प्रदिप ढकालले गरेको बकपत्र मिसिल सामेल रहेको देखियो।

५८. मिति २०६८।९।२७ गते साँझ ८. बजेको समयमा बा.१ झ ६२१३ नं. को गाडीमा मैले रन्जनप्रसाद कोइरालाको लागि फुलट्यांकी ५९ लिटर डिजेल भरेको हुँ भन्ने समेत व्यहोराको स.प्र.स.ह. शहदेव जैशीको बकपत्र।

५९. रन्जनप्रसाद कोइरालाको घरमा ४ बर्ष अघि देखि काम गर्न बसेको हुँ। रन्जनप्रसाद कोइराला र गीता ढकालको बीच के कस्तो सम्वन्ध थियो थाहा भएन। उहाँहरु कहिल्यै सँगै बसेको देखिन।रन्जन सरको घरमा तारा रेग्मी आउने गर्नुहुन्थ्यो।रन्जनप्रसाद कोइरालाले श्रीमती गीता ढकाल (कोइराला) लाई कर्तव्य गरी मारेको भनी घरमा प्रहरीहरु आएकाले थाहा पाएको भन्ने समेत व्यहोराको कागज गर्ने राजकुमार स्याङतानको बकपत्र।

६०. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट DNA परीक्षण भई प्राप्त प्रतिवेदन मिसिल सामेल रहेको ।

६१. प्रतिवादी रन्जनप्रसाद कोइरालालाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद हुने हुने ठहर्छ । प्रतिवादी तारा रेग्मीको हकमा

निजलाई ज्यान सम्बन्धी महलको १६ नं. को षडयन्त्र रहेको अभियोग वादीले प्रमाणित गर्न नसके पनि निज प्रतिवादी तारा रेग्मीको वारदातको अघिपछि सम्बन्ध रहेको पाइदा अरु किसिमको मतलवीको भूमिका रहेको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(३) नं. बमोजिम एक बर्ष कैद हुने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७१।१।७ को फैसला ।

६२. सुरुले मलाई ज्यान सम्वन्धीको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैदको सजाय हुने ठहऱ्याई गरेको फैसलामा मेरो चित्त बुझेन। तसर्थ मेरो पुनरावेदन जिकिर वमोजिम सफाइ पाउँ भन्ने प्रतिवादी रन्जनप्रसाद कोइरालाको पुनरावेदनपत्र ।

६३. सुरुले ज्यान सम्वन्धीको १७ (३) नं. बमोजिम एक बर्ष कैद हुने ठहऱ्याई गरेको फैसलामा मेरो चित्त बुझेन। तसर्थ सुरुको फैसला वदर गरी मेरो पुनरावेदन जिकीर बमोजिम सफाइ पाउँ भन्ने तारा रेग्मीको पुनरावेदनपत्र।

६४. प्रतिवादी तारा रेग्मीलाई ज्यान सम्वन्धीको १६ नं. बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग माग दावी रहेकोमा ज्यान सम्वन्धीको १७(३) नं. वमोजिम सजाय गरेको फैसलामा चित्त बुझेन। तसर्थ अभियोग माग दावीवमोजिम प्रतिवादी तारा रेग्मीलाई हदैसम्म सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र ।

६५. सुरु अदालतले धरौट माग गरेकोमा पुनरावेदन अदालतले थुनामा राख्ने आदेश भए पश्चात् निवेदकले समर्पण गरी थुनामा गएको अवस्था देखिँदैन।सुरुबाट फैसला हुँदा कैद तोकिएकोमा अ.बं. १९४ नं. बमोजिमको सुविधा माग गर्नलाई पुर्पक्ष निमित्त थुनामा बस्नु पर्ने मुद्दामा त्यस्तो सुविधा प्राप्त हुन सक्ने अवस्था नदिखएकोले पुनरावेदन अदालत पाटनको मिति २०७१।४।२३ को आदेश मिलेको नदेखिएकोले बदर गरिएको छ " भन्ने मिति २०७१।१०।२ मा यस अदालतबाट भएको आदेश।

६६. यसमा वादी नेपाल सरकार, प्रतिवादीहरु रन्जनप्रसाद कोइराला र तारा रेग्मीको पुनरावेदन परेको देखिदा उक्त पुनरावेदनपत्रहरु वादी प्रतिवादी एक अर्कालाई अ.बं. २०२ नं. प्रयोजनार्थ सुनाउनु भन्ने मिति २०७१।८।९ मा पुनरावेदन अदालत पाटनबाट भएको आदेश ।

६७. प्रतिवादी रन्जनप्रसाद कोइरालाको हकमा मिसिल संलग्न प्रमाणहरुबाट निजले आफ्नी श्रीमती गीता ढकाल (कोइराला) लाई कर्तव्य गरेको पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहराई सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।अर्का प्रतिवादी तारा रेग्मीको हकमा काठमाडौं जिल्ला अदालतको उक्त मितिको फैसला उपर निजले मिति २०७१।४।२३ मा अ.बं. १९४ नं. को सुविधा लिई यस अदालतमा पुनरावेदन गरेकोमा अ.बं. १९४ नं. को सुविधा दिने यस अदालतको आदेश सम्मानित सर्वोच्च अदालतको मिति २०७१।१०।२ को

आदेशद्वारा वदर भएको र निजलाई धरौट तारेखमा राख्ने काठमाडौं जिल्ला अदालतको आदेश वदर गरी निजलाई अ.व. ११८ को देहाय (२) बमोजिम थुनामा राखी पुर्पक्ष गर्नु भन्ने यस अदालतको मिति २०६९।३।७ को आदेश पश्चात निज प्रतिवादीले अदालतसमक्ष समर्पण गरी थुनामा बसेको नदेखिँदा निजको पुनरावेदन लाग्न सक्ने नभई सुरु काठमाडौं जिल्ला अदालतबाट निजलाई ज्यान सम्बन्धीको १७(३) नं. वमोजिम सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा भन्नु परेन।सो हुँदा निजको पुनरावेदनको औचित्यमा प्रवेश गर्नु नपरेकोले उक्त पुनरावेदन खारेज हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदनको हकमा मिसिल प्रमाणबाट निज प्रतिवादी तारा रेग्मीले वारदातमा मुख्य भई षड्यन्त्र गरेको भन्ने पुष्टि हुन सकेको नपाइदा सो तर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकीर र अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी रन्जनप्रसाद कोइरालाको पुनरावेदन जिकीर समेत पुग्न सक्तैन भन्ने व्यहोराको पुनरावेदन अदालत पाटनको मिति २०७२।८।२३ को फैसला।

६८. पुनरावेदन अदालत पाटनबाट फैसला गर्दा वादी पक्षबाट प्रस्तुत गरिएको अभियोगपत्रमा उल्लेखित कपोकल्पित र शंकास्पद प्रमाणहरुलाई ग्रहण गरिएका छन्। प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणबाट मैले गीता ढकाल कोइरालाको मृत्यु गराएको भन्ने वस्तुनिष्ठ एवं खम्बिर प्रमाणले वादी पक्षले पुष्टि गर्न सकेको छैन। आरोपित कसूर अपराधको आपराधिक कार्य एवं आपराधिक मनसाय दुवैको स्वतन्त्र, भरपर्दो एवं तथ्यगत प्रमाणहरुबाट स्थापित एवं पुष्टयाई भएको छैन । फौजदारी अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात **Corpus Delicti** वादीले प्रमाणित गरी त्यस पछि मात्र अभियोग लगाएको पक्षले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नु पर्ने हुन्छ। प्रस्तुत मुद्दामा हातको हड्डीको DNA परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा परीक्षणको लागि पठाएकोमा तिघ्राको हड्डी Famour Bone को DNA परीक्षण प्रतिवेदन बनाएको देखिन्छ। उक्त DNA परीक्षण प्रतिवेदनले गीता ढकाल कोइरालाको मृत्यु भएको र मेत्राङ्गमा जलाएको भनिएको गीता ढकाल कोइराला नै हो भनी प्रमाणित गर्दैन। गीता ढकाल कोइरालाको मृत्यु भएको अकाट्य प्रमाणबाट पुष्टि नभएसम्म शंकाको भरमा म पुनरावेदकलाई दोषी करार गर्ने गरी सुरु काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।७ मा भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।८।२३ मा भएको फैसला बदर गरी सफाई पाउँ भन्ने व्यहोराको प्रतिवादी रञ्जनप्रसाद कोइरालाको यस अदालतमा दायर हुन आएको पुनरावेदन पत्र।

६९. प्रतिवादी तारा रेग्मी वारदातका दिन नेपाल बाहिर विदेश भएको कुरामा विवाद छैन। वारदात भन्दा अघि दुवैजना संगैं बसेको भन्ने कुरा मिसिल प्रमाणबाटै स्पष्ट खुलेको,

घटना हुनु अगाडि र घटना भएपश्चात् प्रतिवादी रन्जनप्रसाद कोइरालाकोमा फोन सम्पर्क गरेको, हत्या पूर्व, हत्या गरिएको समय वरिपरी र हत्या पश्चात् पटक पटक फोन सम्पर्क गरे बाट मार्न पुनः योजना र सल्लाह सहमति गरेको समेत पुष्टि भइरहेको अवस्थामा प्रतिवादी तारा रेग्मीलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको १७ (३) नं. बमोजिम सजाय गर्ने गरेको फैसला नमिलेको हुँदा प्रतिवादी तारा रेग्मीलाई अभियोग दावी बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको पुनरावेदन पत्र ।

७०. यसमा वारदात हुँदाका बखतको अवस्थालाई दृष्टिगत गर्दा निवेदकलाई भएको सजायको मात्रा विचारणीय देखिएकोले पुनरावेदन अदालत पाटनको मिति २०७२।८।२३ को फैसला फरक पर्न सक्ने देखिंदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिनू भन्ने यस अदालतको मिति २०७४।९।२३ को आदेश।

७१. यसमा प्रतिवादी रन्जनप्रसाद कोइराला पुनरावेदक र नेपाल सरकार प्रत्यर्थी भएको मुद्दा नं. ०७२- CS-१९३७ को कर्तब्य ज्यान मुद्दामा मिति २०७४।९।२३ मा प्रत्यर्थी झिकाउने आदेश भइसकेको र प्रस्तुत मुद्दा उक्त मुद्दासंग अन्तरप्रभावीत भएकोले मुलुकी ऐन, अ.बं. २०२ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० (३) नं. को प्रयोजनार्थ प्रत्यर्थी झिकाई आएपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७६।५।२६ को आदेश।

७२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीकोतर्फ बाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता त्रय श्री शेर बहादुर के.सी.,श्री गोविन्द बन्दी, श्री द्रोणराज रेग्मी, तथा विद्वान अधिवक्ताहरु श्री भाइराजा राई, श्री चित्र बहादुर के.सी. र श्री दावा तामाङ्गले मिति ०६८।९।२८ मा मात्र **Dead Body** भेटिएको, अस्थिपञ्जर पहिचान नभएको, **Autopsy Report** मा मृत्युको कारण नखुलेको, वारदातको प्रकृतिबाट प्रतिवादी रन्जनप्रसाद कोइरालालाई कम सजाय हुनु पर्ने देखिएको, प्रमाण ऐन, २०३१ को दफा ८ मा भएको कानूनी व्यवस्था बमोजिम ऐ. दफा ३ मा उल्लेख गरिएका कुराको प्रमाण बुझ्दा ग्राह्य प्रमाण मात्र बुझ्नु पर्नेमा सो बमोजिम नबुझिएको, प्रतिवादीले मार्नु पर्ने सम्मको कारण नभएको,साथै प्रतिवादी तारा रेग्मी वारदातको समयमा मलेशियामा रहेको, केवल प्रतिवादी रन्जनसंग फोन भएको आधारमा मात्र अभियोजन गरिएको हुँदा प्रतिवादीहरुलाई सजाय गर्ने गरी भएको उच्च अदालत पाटनको फैसला मिलेको नहुँदा बदर हुनुपर्दछ भनी र पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उप-न्यायाधिवक्ता श्री कमलराज पन्थीले पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई माग बमोजिम सजाय भएको पुनरावेदनको फैसला सदर गरी प्रतिवादी तारा रेग्मीलाई घटी सजाय गरेको फैसला प्रमाण मूल्याङ्कनको

परिप्रेक्ष्यमा नमिलेको हुँदा पुनरावेदनको फैसला सो हदसम्म बदर गरी माग बमोजिम सजाय हुनु पर्दछ भनी बहस प्रस्तुत गर्नु भयो।

७३. प्रस्तुत मुद्दामा दुवै पक्षका कानून व्यवसायीले गर्नु भएको बहस सुनी वादी प्रतिवादीको तर्फबाट पर्न आएको पुनरावेदनपत्रसहितको मिसिल संलग्न कागजात अध्ययन गरी पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको के रहेछ र पुनरावेदन जिकिर पुग्न सक्ने नसक्ने के रहेछ निर्णय दिनु पर्ने देखियो ।

७४. निर्णयतर्फ विचार गर्दा, हरेराम ढकालको जाहेरीबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा गीता ढकालको हत्या गरेको भनी प्रतिवादी रन्जनप्रसाद कोइराला उपर मुलुकी ऐन ज्यान सम्बन्धी १ नं. विपरीतको कसूरमा सोही महलको १३(३) नं. र प्रतिवादी तारा रेग्मी उपर मुलुकी ऐन ज्यान सम्बन्धीको १६ नं. विपरीतको कसूरमा सोही महलको १६ नं. बमोजिम सजायको माग दावी लिई अभियोगपत्र पेश भएको प्रस्तुत मुद्दामा सुरु काठमाडौं जिल्ला अदालतले माग दावीबमोजिम प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ज्यान सम्वन्धीको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्म कैद र प्रतिवादी तारा रेग्मीलाई ज्यान सम्बन्धीको १७(३) नं. बमोजिम एक बर्ष कैदको सजाय हुने ठहऱ्याए उपर वादी नेपाल सरकार र प्रतिवादीहरुकोतर्फ बाट पुनरावेदन अदालत पाटनमा पुनरावेदन पर्दा पुनरावेदन अदालत पाटनबाट प्रतिवादी रन्जनप्रसाद कोइराला र प्रतिवादी तारा रेग्मीको हकमा सुरु अदालतको फैसला सदर गरी तारा रेग्मीको पुनरावेदन खारेज हुने ठहऱ्याए उपर आफु निर्दोष हुँदा सफाई पाउनु पर्छ भन्ने प्रतिवादी रन्जनप्रसाद कोइरालाको र ज्यान सम्बन्धीको १६ नं. बमोजिम नै तारा रेग्मीलाई सजाय हुनु पर्दछ भन्ने वादी नेपाल सरकारकोतर्फ बाट प्रस्तुत पुनरावेदन पर्न आई पेश हुन आएको देखियो।

७५. गीता ढकाल र प्रतिवादी रञ्जनप्रसाद कोइरालाका बीच मिति २०६८।९।२७ मा वादविवाद, झै-झगडा भई हात हालाहाल धकेलाधकेल हुँदा घटना घट्न गएको कारण गीता ढकालको मृत्यु हुन पुगेको र सो कुराको पुष्टि मिसिल संलग्न पुनरावेदक प्रतिवादीको अधिकारप्राप्त अधिकारी समक्षको साबिति बयान, प्रतिवादी रन्जनप्रसाद कोइरालाले कर्तव्य गरी लास जलाएकाले निजलाई कारवाही गरी पाउँ भनी पर्न आएको जाहेरी दरखास्त, हड्डीका टुक्रा, आगोले डढेको लेडिज घडी, शरीरको अस्थिपञ्जर रहेको, शरीरको आधा भन्दा बढी हिस्सा जलेको अवस्थामा लास फेला परेको भन्ने लासजाँच प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्काको व्यहोरा, घटनास्थल भेटिएका अवशेषहरु महिलाको भएको, शरीर पुरै जलेको भन्ने शव परीक्षण प्रतिवेदनको व्यहोराबाट देखिएको हुँदा मृतक गीता ढकालको मृत्यु कालगतिले नभई कर्तब्यबाट हुन गएको देखिन्छ।

७६. मृतक गीता ढकालको हत्या प्रतिवादी रन्जनप्रसाद कोइरालाको कर्तब्यबाट भएको हो वा होइन भन्ने तर्फ हेर्दा प्रतिवादी रन्जनप्रसाद कोइरालाले अदालतसमक्ष गरेको बयानमा मृतकलाई कर्तब्य गरी मारेकोमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०६८।९।२७ गते गीताले व्यापार गर्न इन्डिया जान चार पाँच लाख जति रुपैया मागेको, आफूसँग पैसा छैन भनी घरबाट निस्केर जान खोज्दा गीताले ज्याकेटसमेत तान्दै गाली गलौज गर्न थालेको, तानातानको क्रममा हात हालाहाल भएको " हातपातको क्रममा मैले निज गीतालाई धकेल्दा उनी कोठाकै भित्तामा वजारिन पुगिन, निजको टाउको भित्तामा ठोक्किन पुग्यो।त्यसपछि उनी वोल्न चल्न नसकि अचेत भइन। त्यसपछि मैले उनलाई हल्लाई चलाउँदा समेत कुनै प्रतिक्रिया नजनाएपछि उनको स्वास प्रस्वास समेत बन्द भई सकेको यकिन भई निजलाई उनी पल्टेको ठाउँ विस्ताराको कुनापट्टि छाडि कोठाको ढोका बाहिरबाट लक गरी चावी बाहिर पट्टि छोराले किताव राख्ने ठाउँमा फाली निस्केको हो"। त्यसपछि गीताको लास साँझ ६ बजे तिर ड्राइभर शंकर पौडेललाई बा. १ झ ६२१३ नं. को गाडी लिएर महाराजगञ्ज चोकमा आउन भनेको, निज ७ बजे तिर महाराजगञ्जमा आएको, निज ड्राइभरलाई त्यही चोकमा बस् भनी सोही गाडी लिएर मृतक गीता बस्ने घरमा गै गीताको लास कम्मलले बेरी कोठा भित्रबाट बाहिर निकाली सोही गाडीमा राखी महाराजगञ्ज चोकमा पुऱ्याई ड्राइभरलाई गाडी हाँक्न लगाई सशस्त्र प्रहरी बल, हल्चोकको पेट्रोल पम्पमा पुगी गाडीमा डिजेल हाली थानकोट तर्फ गाडी बढाउन लगाएको र खानी खोला पुगेपछि ड्राइभरलाई त्यही ओर्लन लगाई आफैंले एक डेढ घण्टा गाडी चलाई सुनसान जस्तो ठाउँ सडक छेउमा गीताको लास गाडीबाट निकाली पेट्रोल खन्याई जलाएपछि त्यहाँबाट गाडी लिई सोही बाटो गरी फर्की खानीखोला आई पुगेपछि ड्राइभर शंकरलाई बोलाई निज आएपछि गाडी चलाउन दिई काठमाडौं घरमा आई पुगेको हो भनी आरोपित कसूर गरेकोमा साबित भएको पाइन्छ। निज प्रतिवादीको अधिकारप्राप्त अधिकारी समक्षको साबिति बयानलाई समर्थन हुने गरी मिति २०६८।१०।७ गतेका दिन घुमफिरको लागि बा. ८ च ५४०८ नं. को गाडी लिई हेटौडा तर्फ जादैं गर्दा मकवानपुर जिल्लाको टिष्टुङ्ग गा.वि.स.स्थित मेत्राङ्ग भन्ने स्थानमा स्थानीय मानिसहरुले रोकी सोधपुछ गरेपश्चात प्रहरीलाई जिम्मा दिएपछि प्रहरीले मलाई छोडी म हेटौडा तर्फ गएको हो भनी अदालतको बयानमा व्यक्त गरेकोले घटनासँग तादम्य राख्ने केही तथ्यगत कुराहरु स्वीकार गरेको देखिन्छ।

७७. मिसिल संलग्न मकवानपुर जिल्ला टिस्टुङ गा.वि.स. वडा नं. ८ मेत्राङ भन्ने स्थानमा हड्डीका टुक्रा, आगोले डढेको लेडिज घडी, शरीरको अस्थिपञ्जर रहेको, शरीरको आधा भन्दा बढी हिस्सा जलेको अवस्थामा लास फेला परेको भन्ने मिति २०६८।९।२८ को लासजाँच प्रकृति मुचुल्का, सोही दिन सोही लासजाँच प्रकृति मुचुल्का व्यहोरालाई मिलान

हुने गरी प्र.ह. कृष्ण ढकालले दिएको प्रतिवेदन, मृतकको मृत्यु कर्तब्यबाट भएको हो भन्ने घटनास्थल प्रकृति मुचुल्का, मृत्युको कारण खुल्न नसके तापनि उक्त अवशेषहरु महिलाको भएको, शरीर पुरै जलेको, DNA बाट विश्लेषण गर्नु आवश्यक भएको भन्ने त्रि.वि.वि. शिक्षण अस्पताल महाराजगञ्ज फरेन्सिक मेडिसिन विभागको शव परीक्षण प्रतिवेदन, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट भएको DNA परीक्षण प्रतिवेदनमा फरेन्सिक मेडिसिन विभागले प्रिजर्भ गरेका नमूनाबाट स्याम्पल लिई गीता ढकालका बाबु हरेराम ढकाल र आमा हरिप्रिया ढकालको रगतको नमुनासँग तुलना गरी DNA परीक्षण गरिदा "डि.एन्.ए. एमलोजेनिन **(Amelogenin)** को प्राप्त नतिजा अनुसार नमुना नं. "१" को स्रोत एक महिला रहेको पाइयो । नमुना नं. "१" को डि.एन्. ए. प्रोफाइल हरेराम ढकाल (नमुना **"A"** को रक्तदाता) र हरी प्रिया ढकाल (नमुना **"B"** को रक्तदाता) को डी.एन.ए. प्रोफाइलसंग तुलना गरी हेर्दा समानता पाइयो। प्राप्त प्रोफाइलहरुको तथ्याङ्कगत विश्लेषण गर्दा नमुना नं.**"1"** (हड्डी) को स्रोतको बाबु हरेराम ढकाल र आमा हरीप्रिया ढकाल बाहेक अन्य कोही बाबु आमालाई वातिल (**Exclude)** गर्न नसकिने अर्थात **Random Parents Not Excluded (RPNE)** को सम्भावना $२x१०^{-१७}$ रहेको पाइयो" भन्ने उल्लेख भै सो परीक्षण गर्ने विशेषज्ञहरु भिनुशोभा तुलाधर, दिनेशकुमार झा तथा जीवनप्रसाद रिजालले अदालतमा आई आफ्नो रायलाई समर्थन गरी बकपत्र समेत गरिदिएको, गाडीमा आएका व्यक्ति यताउता गरेको मासुको टुक्रा फेला परेको, निज माथि शंका लागि सोधपुछ गर्दा आत्तिए जस्तो गरी निजले आफू सशस्त्र प्रहरीको हाकिम हुँ भनेको, निजको गाडीमा ५/६ वटा सलाइको बट्टा, सेतो प्लाष्टिक तथा मिनरल वाटरको बोतलमा पेट्रोल समेत देखेको भनी मौकामा कागज गर्ने लास जलाएको स्थानका स्थानियवासी सुर्यबहादुर दोङ्ग, किरणमान बल, मंगल तामाङ्ग र सुनीता दोङ्गले मौकामा गरेको कागजको व्यहोरालाई समर्थन हुने गरी अदालतमा बकपत्र गरिदिएको, मृतककी आमा हरिप्रिया ढकालले अस्थिपञ्जर सँगै बरामद भएको घडी र रिङ्ग छोरी गीता ढकाललाई आफूले दिएको हो भनी प्रहरीमा गरिदिएको सनाखत कागजको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको, लास जाँच प्रकृति मुचुल्कामा पाइएको अस्थिपञ्जरको विषयमा मिति २०६८।९।२८ मा मुचुल्का गर्ने प्र.ज. जितेन्द्र महतो, प्र.ह. कृष्ण ढकाल, प्र.नि. डिल्लीप्रसाद मैनालीले मुचुल्का गरी अस्थिपञ्जर उठाई हेटौंडा अस्पताल पठाइएको भन्ने कुरा उल्लेख गरी बकपत्र गरिदिएको, साथै बुझिएका जाहेरवाला, वस्तुस्थिति मुचुल्का मानिसहरुले समेत मौकामा गरेको कागजको व्यहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरिदिएको पाइन्छ। यसरी मौकामा वारदातको सम्बन्धमा कागज गर्ने सुर्यबहादुर दोङ्ग, किरणमान बल, मंगल तामाङ्ग, सुनीता दोङ्ग, घडी सनाखत गर्ने हरिप्रिया ढकाल, जाहेरवाला हरेराम ढकाल तथा वस्तुस्थिति मुचुल्का मानिसहरुले अदालतमा सो व्यहोरालाई समर्थन हुने

गरी बकपत्र गरेको देखिंदा उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम पुनरावेदक प्रतिवादी बिरुद्ध प्रमाणमा ग्राह्य हुन नै देखियो। प्रतिवादीले आफूले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान स्वेच्छाले गरेको होइन भनी पुनरावेदनमा जिकिर लिएता पनि प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम त्यसको पुष्टि गर्न सकेका छैनन्। पुनरावेदक प्रतिवादीको साबिति बयानबाट स्वभाविक रुपले देखिएका कुराहरु प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन्छ। अधिकारप्राप्त अधिकारी समक्ष भएको निजको साबितिलाई मिसिल संलग्न लास बरामद भएको स्थिति, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, DNA परीक्षण प्रतिवेदन, बकपत्रमा उल्लेख भएको व्यहोरासमेत प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा भेटिएका दशी प्रमाणहरुसँग मेल खाई घटना/वारदातको यथार्थलाई अन्य स्वतन्त्र प्रमाणले समर्थित गरेको देखिन आयो।

७८. मकवानपुरको मेत्राङमा पाइएको अस्थिपञ्जर गीता ढकालकै रहेछ र निजलाई मृत्यु पश्चात् जलाइएको रहेछ भन्ने कुरा प्रमाणित हुन आई मिसिलमा जे जस्ता दशी प्रमाणहरु मौजुद छन् तिनको समग्रमा अध्ययन र विश्लेषण गरी हेर्दा पुनरावेदक प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुले जिकीर लिए जस्तो यी प्रतिवादी रन्जनप्रसाद कोइराला निर्दोष रहेछन भन्न सकिने अवस्था देखिएन। माथि विवेचित मिसिल संलग्न प्रमाणहरुको मूल्याङ्कन गर्दा मृतक गीता ढकालको मृत्यु प्रतिवादी रन्जनप्रसाद कोइरालाकै कर्तब्यबाट भएको देखिन आई प्रतिवादी रन्जनप्रसाद कोइरालाले अभियोग माग दावी बमोजिमको कसूर गरेको पुष्टि हुन आयो।

७९. जहाँसम्म पुनरावेदक प्रतिवादीकोतर्फ बाट अस्थिपञ्जरको सकंलन, हस्तान्तरण र DNA परीक्षणको लागि नमूना संकलन र परीक्षणवारेमा शंका गर्दै DNA परीक्षणको आधिकारीकताको सम्बन्धमा प्रश्न उठाई लिइएको पुनरावेदन जिकिर छ, सो तर्फ हेर्दा यो एउटा अत्यन्त भरपर्दो परीक्षण हो भन्ने कुरालाई आधुनिक फौजदारी विधिशास्त्रमा स्वीकार गरिएको छ । नेपालमा यो परीक्षण विधि भित्रिएको प्रारम्भका केही बर्षमा यसको प्रमाणिकता एवं आधिकारीकताको बारेमा न्यायिक क्षेत्रमा केही अन्यौल रहेको पाइए तापनि यस अदालतबाट प्रतिपादित सिद्धान्तहरुले अव यसलाई स्वीकार गर्न थालेका छन् । पछिल्लोपटक यस अदालतबाट **"यस्तो हालसम्मको सर्वमान्य DNA जस्तो वैज्ञानिक परीक्षणको आधारमा विशेषज्ञले दिएको रायलाई त्यस्तै वैज्ञानिक परीक्षण गर्ने विशेषज्ञको अन्यथा राय भएमा मात्र खण्डन गर्न सकिने"** (मखमली मिश्र वि.लक्ष्मी कुमारी मिश्र ने.का.प. २०६७, नि.नं. ८४८३, पृ.१७२६) भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। विज्ञानसम्मत यो अवधारणालाई नै तल्ला अदालतहरुले अनुशरण गर्दै आइरहेको पाइन्छ, जुन आधुनिक विधिशास्त्रीय मान्यता अनुरुप पनि छ। प्रस्तुत मुद्दामा माथि उल्लेख गरिए अनुसार नमूनाको संरक्षण (custody) मा प्रश्न गरिनुपर्ने अवस्था

नरहेको, परीक्षण विधि र त्यसको परिणाममा विज्ञानलाई आधार गरी प्रश्न उठाइएको नपाइएको र सो परिणाम मिसिलमा देखिएका अन्य प्रमाण तथा साक्षीहरुको बकपत्रसमेतको व्यहोरा सँग तादात्म्य राख्ने किसिमको पाइएबाट प्रस्तुत मुद्दामा अस्थिपञ्जरको सकंलन, हस्तान्तरण र DNA परीक्षणको लागि नमूना सकंलन र परीक्षणवारेमा शंका गर्दै पुनरावेदक प्रतिवादीले पुनरावेदन जिकिरमा र विद्वान अधिवक्ताहरुले बहसको क्रममा उठाइएका जिकिरसंग माथि विवेचना गरिएका आधार कारणसमेत बाट सहमत हुन सकिएन।

८०. मृतक गीता ढकाल र पुनरावेदक प्रतिवादी रञ्जनप्रसाद कोइरालाकाबीच मिति २०६८।९।२७ गते वादविवाद, झै-झगडा भई हात हालाहाल धकेलाधकेल हुँदा टाउको भित्तामा ठोकिई गीता ढकालको मृत्यु हुन पुगेको वारदातमा पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७१।१।७ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।८।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहरे पनि मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसूर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहे भएको देखिएकोले पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ। अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी रन्जनप्रसाद कोइरालाको पुनरावेदन जिकीरसमेत पुग्न सक्तैन।

८१. अर्का प्रतिवादी तारा रेग्मीको हकमा अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यान सम्बन्धीको १६ नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐ. को १७ (३) नं. बमोजिम एक बर्ष कैदको सजाय गर्ने गरेको सुरु काठमाण्डौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा निजलाई कसूरमा मिलेमतो गरेको भनी ज्यान सम्बन्धीको १७(३) नं. बमोजिम एक बर्ष कैद सजाय गर्ने गरेको सुरु काठमाण्डौं जिल्ला अदालतको फैसला पुनरावेदन अदालत पाटनले सदर गरेको पाइयो। निजको प्रतिवादी रन्जनप्रसाद कोइरालासँग घनिष्ट सम्बन्ध रहेको देखिए पनि निज मिति ०६८।९।२६ मा विदेश मलेशिया गई मिति २०६८।१०।५ मा नेपाल फर्केको भन्ने देखिएको र वारदातको दिन घटना अघि र पछि टेलिफोनमा कुरा भएको भन्ने देखिए पनि निज वारदातमा मुख्य भै षडयन्त्र गर्ने व्यक्ति हुन् भन्ने अभियोग शंकारहित तवरबाट पुष्टि हुने प्रमाण अभियोजन पक्षले पेश गर्न सकेको नपाइदा प्रतिवादी तारा रेग्मीलाई ज्यान सम्बन्धीको १७(३) नं. बमोजिम एक बर्ष कैदको सजाय गर्ने गरी भएको सुरु काठमाडौं जिल्ला अदालतको मिति २०७१।१।७ को फैसला सदर गर्ने

गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।८।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। ज्यान सम्बन्धीको १६ नं. वमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्तैन।

८२. पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हो की भन्ने सम्बन्धमा विचार गर्दा मृतक गीता ढकाल (कोइराला) र पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालाबीच २०५० सालमा विवाह भै निजहरुबाट १४ बर्षका आयूष कोइराला र ११ बर्षका आर्यन कोइराला गरी दुई छोराहरुको जायजन्म भएपश्चात् निज छोराहरुको आमा गीता ढकाल (कोइराला) को मिति २०६८।९।२७ मा पुनरावेदक प्रतिवादीको कर्तब्यबाट मृत्यु भएको देखियो।मिसिल संलग्न प्रमाण कागजहरुबाट मृतक र पुनरावेदक प्रतिवादीबाट दुई छोराहरुको जायजन्म भएपछि निजहरु बीचको दाम्पत्य जीवन सुमधुर हुन नसकी दुवै जना एक अर्का बाट लामो समयदेखि अलग अलग घरमा बस्दै आएको अवस्थामा मिति २०६८।९।२७ गतेका दिन मृतक बस्ने घरमा प्रतिवादी रन्जनप्रसाद कोइराला जाँदा मृतक श्रीमती गीता ढकालले व्यापारको लागि पैसा मागेको कारणबाट उठेको विवादमा दुवै जना बीच झै-झगडा वादविवाद हुँदा सो अवस्थामा रीस उठी आवेगमा आई पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालाले गीता ढकाल कोइरालालाई धकेल्दा टाउको भित्तामा ठोकिई मृत्यु भएको, वारदात हुँदाको पृष्ठभुमि सहितको अवस्था र परिस्थितिलाई हेर्दा वारदात मृतककै कारण र जरियाबाट प्रतिवादी आवेशमा आई उठेको रीसबाट भएको भन्ने सम्मको अवस्था देखिनुको साथै निजको मृत्यु पश्चात् नाबालक छोराहरुको हेरचाह, संरक्षण एवं शिक्षा दीक्षा लगायतका कार्यहरु अभिभावक विहिनताको कारणले अनिश्चय र अन्योलता हुन गई उनीहरुको हितमा समेत दुरगामी प्रभाव पर्न जाने कारणले उपरोक्त सजाय गर्दा चर्को पर्न जाने जस्तो चित्तमा लागेको हुँदा पुनरावेदक प्रतिवादीलाई साविक मुलुकी ऐन, अ.बं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम ८ बर्ष ६ महिना कैद सजाय गर्दा पनि सजायको मकसद पुरा हुने देखिएकोले पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई ८ बर्ष ६ महिना कैद हुने ठहर्छ।अरुमा तपसिल वमोजिम गर्नू ।

## तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोइरालालाई साबिक मुलुकी ऐन अ.ब. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) अनुसार ८ (आठ) बर्ष ६ (छ) महिना कैद हुने ठहर भएकोले सुरु फैसलाको तपसील खण्डको देहाय १ नं. मा कसि राखेको लगत अब कायम रहन नसक्ने हुँदा सो १ नं. मा पुनरावेदक प्रतिवादी रन्जनप्रसाद कोईरालालाई

८ वर्ष ६ महिना कैद सजाय हुने लगत कायम गर्नू भनी सुरु काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू .....................................................................................१

प्रतिवादी रन्जनप्रसाद कोइराला मिति २०६८।१०।८ देखि हालसम्म थुनामा रहेको देखिएको र निजलाई ८ वर्ष ६ महिना कैद हुने ठहरेकोले निज प्रतिवादीलाई प्रस्तुत मुद्दामा ठहरेको कैद भुक्तान भएपछि अन्य मुद्दामा थुना वा कैदमा राख्नु पर्ने भएमा बाहेक प्रस्तुत मुद्दाको रोहबाट कैदमुक्त गरी दिनु भनी कारागार कार्यालय डिल्लीबजारमा लेखी पठाउनु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू.......................................................२

सुरू र पुनरावेदन अदालतको फैसलानुसार यी प्रतिवादीका नाममा कायम भएको सर्वस्वको लगत कट्टा गरी सर्वस्व गर्ने प्रयोजनका लागि निजको अंश भाग जाय जेथा रोक्का रहे भएको भए सो समेत फुकुवा गरी सोही अनुसारको जानकारी प्रतिवादीलाई दिनू भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू.......................................................................३

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू................४

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु ।

न्यायाधीश

इजलास अधिकृत : जगन्नाथ पौडेल
कम्प्युटर टाइप गर्ने : रामशरण तिमिल्सिना
ईति सम्वत् २०७७ साल असार १५ गते रोज २ शुभम् ......................................।